सि.जि.प्र.द.नं. १७ जि.हु.द.नं. २८

सन्देश जनप्रिय
Sandesh Janapriya Weekly साप्ताहिक

❖ वर्षः- २१ ❖ अङ्कः- ९ ❖ २०८० आश्विन ०३ गते बुधबार(20 Sep. 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-

प्रो. राजन भुजेल ✆ ०४७-५२०८३६, ९८४४०१५८६७
Email:-rajanbhujel111@gmail.com
आर.एन. ट्रेडर्स एण्ड सप्लायर्स
कमलामाई न.पा.-६, पानीट्याङ्की, सिन्धुली


यहाँ रड, सिमेन्ट जस्ता निर्माण सम्बन्धी सम्पूर्ण सामान, पाईप, PPR हाउस वायरिङ्ग सामानहरु पाइनुका साथै पशुपति पेन्टस् सुपथ मूल्यमा पाईन्छ।

## एमाले बागमती प्रदेश अधिवेशनका लागि छानिए सिन्धुलीबाट प्रतिनिधी

# पदाधिकारीका लागि कटुवाल र खत्रीको दाबी




**सिन्धुली**/ आउँदो असोज ७ र ८ गते काठमाडौंमा हुने एमालेको प्रथम प्रदेश अधिवेशनका लागि सिन्धुली एमालेले प्रतिनिधी छनोट गरेको छ ।

सिन्धुलीका नौं स्थानीय पालिका कमिटीले सर्वसम्मत रुपमा प्रतिनिधी हरु छनोट गरिसकेको अध्यक्ष राम कुमार कार्कीले जानकारी दिए । उनका अनुसार सुनकोशी गाउँ पालिकाले मात्रै प्रतिनिधी छनोट गर्न सकेको छैन । राजधानी काठमाडौं बसेर राजनीतिमा सक्रिय रहेका बागमती प्रदेश कमिटी सदस्यहरु आफ्नो पालिकामै आएर प्रतिनिधी बन्न अनिर्वार्य गरेपछि त्यसको सबैभन्दा ठूलो सकस सुनकोशी गाउँपालिकामा परेको थाहा लागेको छ ।

दुधौली नगरपालिकाबाट कुनै बेला सिन्धुलीमा निकै ठूलो चर्चा कमाएका नेता शान्तिमान कार्की, डम्बर कार्की, दुधौली नगरपालकाका पूर्व मेयर घनश्याम रायत, एमाले जिल्ला अध्यक्ष रामकुमार कार्की, पूर्व जिल्ला विकास समितिका उपसभापति हेमवहादुर लामा, बौद्धिक व्यक्तित्व तिर्थराज बराल, बागमती प्रदेशसभा सदस्य सुकुमायाँ तामाङ, नारायण अधिकारी, सिताराम भट्टराई र डोर कुमारी बोगटी र खेमकुमारी ढुंगाना सर्बसम्मत रुपमा चयन भएका हुन् ।

त्यसैगरी कमलामाई नगरपालिका बाट तत्कालिन नगरप्रमुख खड्ग वहादुर खत्री, तत्कालिन प्रदेशसभा सदस्य बिनोद खड्का, पार्टी उपाध्यक्ष कर्ण घिसिङ, नगरउपप्रमुख मञ्जु देवकोटा, उपसचिव रस्मिला देवकोटा, राष्ट्रिय युवा संघका केन्द्रीय कार्यबहाक अध्यक्ष पुष्पराज श्रेष्ठ, अनेमसंघकी सिन्धुली अध्यक्ष पार्वती भट्टराई, कार्यालय सचिव नवराज थिङ, देवराज वाइवा, भरत पोखरेल, सुन्दर घिसिङ रमा शर्मा, मेनुका तिमल्सिना, मञ्जु देवकोटा, धनकुमारी तामाङ, खड्ग चौलागाई, टिकावहादुर मोक्तान, कैलाश ढुंगेल, दिपेन्द्र फुयाँल र बिजय मुनाल घिसिङ निकै ठूलो रस्साकस्सी बीच सर्वसम्मत चयन भएका छन् ।

त्यस्तै फिक्कल गाउँपालिकाबाट बागमती प्रदेशका पूर्व स्वास्थ्यमन्त्री एवम् पूर्व सिन्धुली जिल्ला अध्यक्ष प्रदीप कटुवाल, पूर्व पालिका अध्यक्ष धनवहादुर कार्की, खड्गवहादुर रजन, पालिका अध्यक्ष पार्वती सुनुवार, पार्टी कमिटी अध्यक्ष ● बाँकी ५ पेजमा

## सरकारको बिकल्प खोज्ने शेखर समूहको निश्कर्ष



**काठमाडौ**/ नेपाली कांग्रेसका नेता शेखर कोइराला पक्षले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले चित्तबुभ्दो काम गर्न नसकेको भन्दै विकल्प खोज्नुपर्ने निष्कर्ष निकालेको छ ।

केन्द्रीय कार्यसमिति बैठकको तयारीका सन्दर्भमा छलफल गर्न हिजो मंगलवार बालुवाटारस्थित को इरालाको सम्पर्क कार्यालयमा बसे को संस्थापन इतर समुहको भेलाले सरकारको काम चित्त बुझाउने खालको नभएकोले बिकल्प खोज्नु पर्ने भन्दै केन्द्रीय समिति बैठकमा त्यसबारे कुरा उठाउने निर्णय गरेको हो ।

भेलामा सहभागी कोइरालानिकट केन्द्रीय सदस्य सञ्जयकुमार गौतमले वर्तमान सरकारप्रति चित्त बुझाउने आधारहरू नरहेको निष्कर्षमा पुगेको जानकारी दिनुभयो ।

'सरकारका गतिविधिमा चित्त बुझाउने अवस्था छैन । सरकारमा हाम्रो नेतृत्वमा छैन, तर सरकार मा हाम्रो पार्टी पनि सहभागी छ, त्यसैले सरकारले गरेका कामलाई नजिकबाट निगरानी र नियन्त्रण हाम्रो दायित्व हो,' भेलाको निश्कर्ष सुनाउँदै गौतमले भन्नुभयो, 'सरकारले जनताको दैनिकीलाई छुन सकेको छैन । सरकारका काम, सरकारले लिइरहेका निर्णयहरू ठीक छैनन् भन्ने हाम्रो निष्कर्ष छ । हामी यसबारे पार्टीको केन्द्रीय समिति बैठकमा कुरा उठाउने निर्णय भयो ।' बैठकमा नेता कोइरालासहित उप सभापति एवं कानून ● बाँकी ६ पेजमा

## सिन्धुलीका दुई विद्यालय अब्बल !

**सिन्धुली**/ कमलामाई नगरपालिका ४ ढुंग्रेवास सिन्धुलीमा रहेको कमला




माध्यमिक विद्यालय यस वर्ष र ाष्ट्रिय शिक्षा दिवशमा सम्मानित भएको छ ।

मंगलवार राजधानी काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच सो विद्यालय देशकै दोस्रो बरियतामा सम्मानित भएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् कमलामाई नगरपालिकाका प्रमुख उपेन्द्रकुमार पोखरेलले राष्ट्रिय शिक्षा दिवश २०८० मुल समारोह समितिले प्रदान गरेको राष्ट्रिय शिल्ड, राष्ट्रिय ध्वजा र नगद रूपैंया दुई लाख ग्रहण ● बाँकी ३ पेजमा

## ६ सय कैदी मुक्त !

**सिन्धुली**/ राष्ट्रपति रामचन्द्र पौडेल बाट संविधान दिवसका अवसरमा मन्त्रिपरिषद्को सिफारिसमा कूल छ सय ७० जना कैदीको भुक्तान हुन बाँकी कैद माफी मिनाहा भएको छ । उनले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन र कारागार नियमावली, सर्वोच्च अदातलको रिट र ज्येष्ठ नागरिक ऐनका आधारमा उक्त कैदीको भुक्तान हुन बाँकी कैद माफी मिनाहा गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

राष्ट्रपति पौडेलले मन्त्रिपरिषद्को गत भदौ २९ गतेको बैठकको सिफारिसअनुसार यही असोज ३ गते देखि लागू हुनेगरी ● बाँकी ३ पेजमा

## भ्याटारो — राजेश मानन्धर




## अरूलाई सच्चिन सिकाउने, आफुचाहिँ नसच्चिने ?

गुलेली
□ महेश्वर दाहाल



'घरघरमा माओवादी, जनजनमा माओवादी' भन्ने नाराका साथ भदौ १६ देखि देशैभरि 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान' जारी छ । जिल्ला अभियानका शीर्ष नेता उपमहा सचिव हरिबोल गजुरेल एवम् छिमेकी जिल्ला र अन्य जिल्लाका ऊर्जाशील केन्द्रीय सदस्यहरु बमध्वज लामा, युवराज चौलागाई, उर्मिला लामा, केन्द्रीय आयोगका सदस्य मीना शर्मा, प्रदेश सदस्य प्रेम पुलामी 'छिन्तु', सिन्धुली जिल्लाका बागमती प्रदेश सदस्यहरु पानीराज बम्जन, दिलबहादुर बिक 'विनोद', मात्रिकाप्रसाद भट्टराई 'वसन्त', सुष्पा भुजेल, पदमबहादुर अस्थानी 'शरण', जानुका तिमल्सिना, इन्दिरा काफ्ले, शुभ गुर्मछान 'सीमा', अशोक पुलामी, शंकरमान घलान, तुलबहादुर माझी 'जेबी', विमर्श मोक्तान 'प्रख्यात', बज्रध्वज वाइवा, ज्वाला प्रसाद न्यौपाने 'पुकार', जिल्ला अभियान अनुगमनका संयोजक राधा तिमल्सिना, कमलामाई नगर पालिकाका अध्यक्ष शेरबहादुर कार्की, कमलामाईका उपाध्यक्ष तथा वाईसीएलका अध्यक्ष किरण लामा, खेलकुद महासंघका केन्द्रीय सदस्य बोमबहादुर स्याङताङसहित थुप्रै साथीहरु र सिन्धुली अभियान प्रमुखका रूपमा मैले यस अभियान लाई जनताको समस्या, आलोचना र सुझाव सुन्ने उत्कृष्ट अवसरका रूपमा उपयोग गरिरहेकै छौं । प्रार म्भिक अभियानमा हामी जहाँजहाँ पुगेका छौं, त्यहाँका ● बाँकी २ पेजमा

प्रेम इलोक्ट्रोनिक्स सेन्टर
प्रो. कपिल श्रेष्ठ ९८४४०४१३५२ ९८०२६०७७५१
कमलामाई न.पा.-६, सिन्धुली

यहाँ विभिन्न किसिमका मोवाइल, फ्रिज, LED TV, Iron, Rice cooker बुफर लगाएत इलोक्ट्रोनिक्स सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

**अरुलाई .........**

जनताबाट आएका धारणाले हामी लाई मूल सन्देश महसुस गर्ने गरी नै पाठहरू सिकाएका छन् ।

कुनै पनि पार्टीको संगठनात्मक अभियान पार्टीलाई जनताबीच अझ जीवन्त बनाएर राजनीतिक-संगठनात्मक शक्ति आर्जन गर्नका लागि हो । तर, नेकपा माओवादी केन्द्रले यसलाई विशेष रुपान्तरण अभियान नै भनेको छ । यसको अर्थ हामीले जनताबीच गएर पार्टीलाई बलियो बनाउनु त छ नै, जनताका आलोचना र सुझावलाई शिरोधार्य गरेर रुपान्तरित पनि हुनु छ । अर्थात्, हामी केही बिग्रेको परिस्थितिबीच गुज्रिरहेका छौं, यसलाई सुधार गर्नु अपरिहार्य छ ।

माओवादी माथि प्रश्नका पहाडहरू आफू बिग्रेको तस्वीर सार्वजनिक गरेरै अहिले हामी जनताबीच गएका हौं । त्यसैले जनताले र हामीलाई आलोचनात्मक माया गर्ने नागरिकका सबै क्षेत्र-तहले हामीले महसुस गरेका भन्दा पनि धेरै मसिनादेखि ठूला प्रश्नका पडाड हामीसामु खुलस्त गरिदिएका छन् । हिजो जनताको अधिकार र गुणात्मक समृद्धिका लागि हामीले नै खासखास बाचा गरेका थियौं । आज त्यसमा तलमाथि पऱ्यो, अब चाहिँ हामी रुपान्तरण हुन्छौं है भन्दै हामी नै जनताबीच आएका छौं ।

हामीले गरेका बाचामा कहाँ कमजोर भयौं, किन कमजोर भयौं ? हामीले त्यत्रो बलिदान गरेर ल्याएको समाजवाद उन्मुख संविधानले किन जनतालाई आकर्षित गरिरहेको छैन ? त्यसैले पहिलो प्रश्न त किन यसरी जनताप्रति बेसरोकार भयौ भनेर उठ्ने नै भयो । दोस्रो, जनताका दैनिक समस्या र सरोकारका मुद्दामा के पहल गऱ्यौ ? तेस्रो, जनताका जीविका र त्यसको स्रोतलाई दीर्घ तथा बैज्ञानिक बनाउन के भूमिका रह्यो ? चौथो, आफ्नै सरकार भएर पनि सेवा, वितरण र विकासलाई चुस्त बनाउन र त्यसको अपनत्व जनतालाई दिन किन सकिरहेका छैनौ ? हामी सामु जनताका खुल्ला प्रश्न छन् ।

**जनसरोकारका सन्दर्भहरू**

वर्षा खेतीको समयमा पछिल्ला वर्षहरूमा मलको उत्कट अभाव हुँदै आएको थियो । प्रचण्ड नेतृत्वको सरकारले यस वर्ष भने समयमै मलको सञ्चिती गर्न सक्यो । तर, कमलामाई नगरपालिका र विभिन्न वडाका किसानले यस वर्ष पनि ब्ल्याकमा मल किन्नुपऱ्यो । वडा नम्बर ४, च्याङकोटका स्थानीय किसान राजकुमार रोकाले बिचौलिया र व्यापारीले मलमा कृत्रिम अभाव सिर्जना गरी नौ सय, हजार पर्ने एक बोरा मललाई दुई हजार, २२ सय तिर्न वाध्य बनाएको जानकारी दिनुभयो । 'सदरमुकाम पर्ने नगर पालिकामा समेत यो हालत छ भने अन्यत्र के होला ?' अर्का किसान एवम् टोल सुधार समितिका अध्यक्ष खड्गबहादुर रोकाले प्रश्न गर्नुभयो।

अभियानकै क्रममा भिमानबाट तल्लो रानीवास जाने क्रममा हामी चढेको अटो चालकले तोकिएकै मूल्यमा मल किन्दा पनि प्रहरीले उल्टै तस्करी अभियोगमा निकै केरकार गरेर दुःख दिएको बताए । व्यापारीले मात्र होइन नेतादेखि प्रहरीसम्मले सेटिङ गर्ने गरेको र पुराना पार्टीबाट जनमुखी काम हुनै नसक्ने निराशा उनले व्यक्त गरे । वडा नम्बर १० मा माओवादी केन्द्रबाट सदस्य जितेका कपिल कार्कीले पनि मलमा कालोबजारी भएको यथार्थतालाई स्वीकार्नु भयो । तल्लो रानीवासमा पर्ने खिरखिरे खोलाको किनारमा बसोबास गर्ने जनताको समस्या त झन त्रासदीपूर्ण छ । ठूलो पानी आएमा बाढीले घर बगाउने हो कि भन्ने चिन्ताले यहाँका बासिन्दालाई निकै पिरोलेको स्थानीय पुराना कमरेड भ्याउला दनुवारले बताउनु भयो । माझी, दनुवारहरु धेरै रहेको यो बस्तीमा केही सरकारी, केही जनश्रमदानमा थोरै ठाउँमा तटबन्ध भएको छ । पछिल्लो समयमा तटबन्धका लागि बागमती प्रदेशकी सांसद सुष्पा भुजेलको पहलमा केही तारजाली ल्याइदिएकाले अहिले सामान्य काम अगाडि बढेको अर्का कमरेड मदन दनुवारले जानकारी दिनुभयो । यस अभियानमा प्रदेश सांसद भुजेल, कमलामाई नगरपालिकाका माओवादी केन्द्रका अध्यक्ष शेरबहादुर कार्की र म साथसाथै थियौं ।

यसै क्षेत्रमा भाद्र १६ गते अभियान उद्धाटनका क्रममा वृक्षारोपण गरिएको थियो । प्रदेश सांसद भुजेल र नगरपालिकाका अध्यक्ष कार्की लगायतका अगुवाको पहलमा भएको वृक्षारोपण कमरेड भ्याउलासहित स्थानीय जनताको पहलमा सफल भएको देखियो । बिरुवामा पानी तथा मल हाल्ने र बारबेर गर्ने काममा उहाँहरू नियमित खटिनुभएको छ । विरुवा बढेमा बाढी रोकिने आशामा उहाँहरू हुनुहुन्छ ।

ऋषि देवकोटा आजादको मात्र होइन दुर्गा सुवेदी र दलबहादुर रजन मगरको समेत (२०३७ सालमा निरंकुश पञ्चायतविरुद्ध लड्दा) शहादत भएको क्षेत्र हो यो । उहाँहरूकै सहयोद्धा तथा किसान नेता इन्द्रप्रसाद ढुंगेलले आजादलाई केपी ओलीको प्रधानमन्त्रीत्वकालमा राज्यले शहीद घोषणा गरे पनि सुवेदी र रजनलाई शहीद घोषणा गर्न ओलीले पूर्वाग्रह राखेको तीतो पोख्नुभयो । अर्का सहयोद्धा रसबहादुर कार्कीले पनि यसमा समर्थन जनाउनु भयो ।

वीपी राजमार्गमा पर्ने ढुंग्रेवास बजारबाट करिब अढाई किलोमिटर माथि दलित र मगरसहित दर्जन बढी घरधुरी रहेको च्याङकोटको सानो वस्तीका अधिकांश जनता माओवादी समर्थक हुन् । तर, उनीहरूमा माओवादीको सरकार छ भन्ने कुनै अनुभूति देखिएन । यहाँका बालबालिका विद्यालय जान, आउन समेत डराउँछन् । जंगल भएका कारणले बाँदरले बच्चालाई आक्रमण गरिरहन्छ ।

बालबालिकालाई घर-विद्यालय आउजाउ गर्न एउटा गाडीको व्यवस्था हुनुपर्ने उहाँहरुको माग छ । तर, सडक भने कामचलाउ खालको मात्रै छ । प्रसिद्ध सिद्धबाबाको मन्दिर जोड्ने ट्रयाक बनाइए पनि गत वर्ष ढुंग्रेवास-च्याङकोट सिद्धबाबा सडकका लागि पचास लाख बजेट छुट्याएकोमा त्यहाँ खर्च नगरेर अन्यत्र नै रकमान्तर गरियो ।

यहाँका किसानले वर्षौंदेखि उपभोग गर्दै आएको जमिनको अस्थायी निस्सा दिन वडा अध्यक्षले इन्कार गरिरहेका छन् । माओवादीसँग गठबन्धन गरेर यहाँ नेपाली कांग्रेसले वडाअध्यक्ष जितेको छ । कमलामाई नगरपालिकाको प्रमुख समेत जितेको छ । तर, राजनीतिक पूर्वाग्रह साँधेर 'माओवादीको काम' नगरिएको गुनासो कमलामाई नगरपालिकाभरि नै छ । एक जना बृद्धाले त 'हाम्रो बृद्धभत्ता माओवादी सरकारले खाँदैछ रे भन्ने हल्ला चलाएका छन्, हो र ?' भनेर सोध्नुभयो । चुनावको बेलामा मत माग्न वाहेक नेताहरु कहिल्यै फर्केर नआएको गुनासो सबैको छ । वडा नम्बर २ को भद्रकालीमा चाहिं उत्पादनका लागि निश्चित पकेट एरिया तोकेर व्यवस्थित काम नगर्ने हो भने ऊर्जाशील युवाहरुलाई विदेश पलायन हुनबाट रोक्न नसकिने आम बुझाइ र सुझाव छ ।

पार्टीका बैठकहरूमा पनि वन र विद्युत कार्यालयबाट पाएका दुःख अनि सडक लगायतका विकास कार्यमा भएका कमजोरी नियन्त्रणमा पार्टीको भूमिका कतै नपुगेको भनाइ सबैजसोको छ । किसानका दैन्दिनका समस्यामा पार्टी र मातहतका संगठनको उपस्थिति शून्य प्रायः भएको गुनासो पनि छ । जिल्ला पार्टीले जनताका समस्या के हुन्, विकासका प्राथमिकता के हुन् भनेर छुट्याउन नसक्दा जनतामा मात्र होइन, कार्यकर्तामा समेत निराशा बढेको छ ।

**रुपान्तरणको यक्ष प्रश्न**

भद्रकालीका पाका माओवादी अगुवा कमरेड ध्रुव श्रेष्ठको प्रश्नले हामीलाई धेरै गम्भीर बनाएको छ । 'इमान्दार र निरन्तरका माओवादी कार्यकर्ता अब कस्तो रुपान्तरण हुनुपर्ने हो ? जनयुद्धमा समाहित हुन सक्नेहरू जनयुद्धमा सहभागी बन र नसक्नेहरूले समर्थन गर भने नेताहरुले । हामीले त्यही गऱ्यौं । निर्वाचनमा भाग लेओ भन्दा भाग लियौं । बहिष्कार गर भन्दा बहिष्कार गऱ्यौं । एमालेसँग मिलेर चुनाव लड्नुपर्ने भयो भन्दा मिल्यौं । काँग्रेसलाई भोट हाल्नुपर्ने भयो भन्दा हाल्यौं । अब रुपान्तरण होओ भनिएको छ, के रुपान्तरण हुने ? के गल्ती गरेका थियौं र हामी रुपान्तरण हुने ? हामीलाई जनयुद्धकालको 'स्पिरिट'को माओवादी चाहिएको छ, देश र जनताको पक्षमा मर्न र मार्न तयार माओवादी चाहिएको छ । हामीलाई अर्को रुपान्तरण चाहिएको छैन । हामीलाई पद, पैसा र सुविधा चाहिएको छैन । बस ! इमान्दार माओवादी हुनुपरेको छ ।'

जिल्लामा हिड्दा धेरै कार्यकर्ताहरुको ध्रुवको जस्तै प्रश्न छ, 'जनतालाई, इमान्दार कार्यकर्तालाई सच्चिन सिकाउने माओवादी केन्द्रीय रूपमा आफैं चाहिँ सच्चिएको छ ? कि आफू सच्चिनै नपर्ने गरी जनता-कार्यकर्तालाई मात्रै सच्चिनु भन्दैछ ? सुनकाण्डमा माओवादी केन्द्रका माथिल्ला पंक्तिका नेता र तिनका परिवार जोडिदा पनि किन पार्टी आफैंले निलम्बन गरेर अनुसन्धान गर्दैन ? के यति गम्भीर विषयमा पार्टीका माथिल्ला तहका नेता र तिनका परिवार जोडिदा राज्यलाई अनुसन्धान गर्न लगाएर माओवादी पार्टी निरपेक्ष बस्न मिल्छ ?'

ध्रुव कमरेड र अन्य धेरै कमरेडहरुको प्रश्नको जायज र आधारभूत औचित्य के हो भने आजको दिनमा पनि माओवादी केन्द्र संघ, प्रदेश र पालिका तीनवटै तहमा चाहने हो भने हस्तक्षेपकारी भूमिकाको स्तर मा छ । तर, योजनाबद्ध काम कतै छैन । समन्वयको गम्भीर अभाव छ । जनताका समस्यालाई प्राथमिकतामा राखेर काम गर्ने कुरामा भन्दा पार्टीकै इमान्दार कमरेडलाई निषेध गर्ने र उछिनपाछिन गर्ने गैरसर्वहारा वादी संस्कार, प्रवृत्ति छ । जिल्लाका सार्वजनिक 'फोरम'मा औपचारिक देखिने तर पार्टीलाई संस्थागत प्रणालीमा नलैजाने प्रवृत्तिले माओवादी थप खस्कदै गएको आन्तरिक गुनासो छ । कमसेकम कालाबजारीलाई नियन्त्रण गरेर जनतालाई तोकेको मूल्यमा सेवा तथा वितरण दिने, ठेकेदार-फाइदा केन्द्रित कमसल भौतिक विकासको अनुगमन गर्ने, ठेकेदारलाई सम्झौता अनुसार काम गर्न बाध्य बनाउने र कुनै पनि सार्वजनिक निकायबाट हुने बेथितिमा चनाखो हुने पहलकदमी नै माओवादी रुपान्तरणको प्रमुख स्थानीय आधार हो ।

पद र आर्थिक उत्प्रेरणालाई केन्द्र बनाउने अनि स्वार्थपरक गुटवन्दी गर्ने समस्याले आधार र इतिहास बलियो हुँदाहुँदै पनि माओवादी कार्यकर्ता जिल्लामा अरूहरूबाट हेपिन परेको तथ्यहरू पनि उल्लेख्य आएका छन् । वेपत्ता नेता चित्र नारायण श्रेष्ठकी जीवन संगिनी सावित्री श्रेष्ठको घरमा भएको वडा नम्बर ४ को विस्तारित भेलामा रुपान्तरणको केन्द्रीय चित्र अस्पष्ट भएको र रुपान्तरणले पार्टीलाई माओवादी बनाउने कि अरु नै बनाउने भन्ने प्रश्न गम्भीर रूपमा उठेको छ । सावित्री श्रेष्ठ स्वयंले यो प्रश्न उठाउनु भयो । भद्रकाली र ढुंग्रेवासका अन्य कमरेडहरुले पनि स्थानीय तहको निर्वाचनपछि पार्टीको वैठक नबसेको, सामूहिक पद्धति हराएको र माओवादीमा अराजकता तथा व्यक्तिवाद बढेको निश्कर्ष सुनाउनु भयो । हरिबोल गजुरेल, शहीद महेन्द्र श्रेष्ठ, चित्रनारायण श्रेष्ठलगायतको घर र कर्मथलो यो ठाउँमा कम्युनिष्ट चेतना, आदर्श र आचरण अझै सिक्न सकिन्छ । यहाँ माओवादी केन्द्रको अझै बलियो उपस्थिति छ ।

रानीवासका कमरेड मदन दनुवारले त राष्ट्रिय राजनीतिलाई नै दृष्टिकोण दिनुभयो। 'भ्रष्टाचारीसँग झुक्दा हाम्रो स्वाभिमानमा ठेस लाग्छ । प्रचण्ड सरकारले भ्रष्टाचारीविरुद्ध चालेको कदममा सही निष्कर्ष निस्केको छैन । सुनकाण्डमा त हाम्रै नेता र नेताका परिवारहरू संलग्न भएको देखियो । जुनसुकै तहका नेताहरु जोडिएका हुन्, कार्वाही हुनुपऱ्यो । गलत काम गर्ने नेताहरुलाई पार्टीमा राखिरहनु भएन । सरकारमा टिकिरहन मात्रै विपक्षीसँग चाकडी गर्नु हुँदैन ।

गरिबका मुद्दालाई उठाएर सडकबाट लड्ने हो भने माओवादी केन्द्र फेरि एक नम्बर शक्ति बन्छ । बनाइन्छ ।' उनको यस भनाइ रुपान्तरणको केन्द्रीय दायित्व समेत हो ।

उहाँ बोल्दाबोल्दै कमरेड भ्याउला दनुवारले 'प्रचण्ड सरकारले अहिले सही कदम उठाएको छ, पार्टीले सहयोग गरेर सरकारलाई बल दिनुपर्छ' भनेर पार्टीप्रति सम्पूर्ण विश्वास जाहेर गर्नुभयो ।

**सच्चिने संकल्प**

सिन्धुलीबाटै राजनीति गरेका शीर्ष नेता, माओवादी केन्द्रका उपमहासचिव एवम् प्रधानमन्त्री प्रचण्डका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलले आफू उपस्थित भएका अभियानमा जनताका आलोचना र गुनासालाई आत्मालोचित भएर सम्बोधन गर्दा उपस्थितहरूले गहिरो चासो र परख गरे । गजुरेलले भन्नुभयो - 'हामी माओवादी केन्द्रका नेता तथा कार्यकर्ताहरू किसान, श्रमजीवी जनताबाट टाढा भयौं, यसै कारण तपाईं किसान र श्रमिक हामीसँग रिसाउनुभयो । हामी पनि कमजोर भयौं । माओवादी कमजोर हुँदा उत्पीडित वर्ग स्वाभाविक कमजोर भयो । त्यसैले कयौंले माओवादीलाई हेपेका छन् । तपाईं किसान, श्रमिकलाई पनि हेपेका छन् । किसान, श्रमिकसँगको सम्बन्ध गाढा बनाउनकै लागि हामी घरदैलो मा आएका हौं । तपाईंको समस्या सुनेका छौं । मलमा कालोबजारी भएको गम्भीर कुरा सुन्यौ । सरोकार का सबै समस्याको निगरानी र नियन्त्रण तपाईंहरूले पनि गर्नुपर्छ । संगठित हुनुपर्छ । पार्टी तपाईंहरूको साथमा छ ।'


अभियानका श्रमदानहरूमा बागमती प्रदेश सांसद भुजेल, नगर अध्यक्ष कार्की र जिल्ला अभियान प्रमुखका रूपमा मैंले पनि श्रम तथा सामाजिक न्यायको संस्कृतिलाई समाजमा स्थापित गर्नुपर्ने र जनताको समस्या एवम् प्राथमिकतालाई केन्द्रमा राखेर योजना छनौट गर्नुपर्ने बतायौं । पहुँचका आधारमा बजेट खर्चने परिपाटी त्यागेर जनप्राथमिकताका आधारमा राष्ट्रिय, प्रादेशिक र स्थानीय बजेट खर्चिनुपर्ने तथा सरकारको मात्र भर पर्नेभन्दा पनि जनपरिचालनसहितको विकास मोडालिटीलाई अगाडि लैजानुपर्नेमा जोड दियौं ।

**सच्चिने आधार**


हामीले जनताको घरदैलोमा पुगेर उहाँहरूको आलोचना सुन्ने, समस्या बुझ्ने, त्यसप्रति एकाकार भएर रुपान्तरित हुने र आफ्ना प्रतिबद्धता जाहेर गर्ने यस अभियानको आफ्नै उद्देश्य छ । तर, यसपछि के ? यसको उत्तर पनि हामीले जनता र समर्थकलाई दिनुपर्ने छ । राजनीतिक संरचनामा जे जे गणतान्त्रिक, संघीय र समानुपातिक परिवर्तन गर्नसकेका छौं, यसले जनतालाई पुगेको छैन । सेवा, वितरण, विकास र अधिकारका औपचारिक- अनौपचारिक बेथिति एवम् गुनासा जनताबाट आएका आएकै छन् तर त्यस अपेक्षा प्रत्याभूतिको केन्द्रीय चरित्र हामीसँग छ कि छैन ? हो, हामी बिग्रेकै छौं, हामी बिग्रेको कुरा जसरी लगेका छौं, हामी सप्रेको कुरा लैजाने आधार हामी बनाउन सक्छौं कि सक्दैनौं ? राजनीतिक-संवैधानिक परिवर्तनलाई जनताको गुणात्मक आर्थिक जीवन मा स्वार्थरहित रुपान्तरण गर्न सकेका मात्रै हामी स्वयं रुपान्तरित हुनसक्छौं । त्यसका लागि पहिलो त हामी सैद्धान्तिक रुपमै जीवन नैतिक, सिर्जनशील मार्क्सवादी-लेनिनवादी-माओवादी-समाजवादी र समाज-संस्कृति न्यायिक हुनु जरुरी छ । देशभक्त र आन्तरिक राष्ट्रियता-पहिचानको खम्बा हुनु जरुरी छ । दोस्रो- जनन्याय, अधिकार, जनपरिचालनको विकास मोडालिटी र जनसरोकारका विकास अवधारणा लिएर हामी जनताबीच पुगिरहनु जरुरी छ । हामी गुणात्मक आर्थिक समृद्धि तथा दीगो विकास, साना तथा मझौला राष्ट्रिय औद्योगिक, व्यावसायिक, कृषिगत र भूमिमा आश्रित कृषक न्यायको बैज्ञानिक योजना लिएर जनताबीच जानु जरुरी छ । जति नै आलोचना गरे पनि जनताको तहगत विश्वास हामीमाथि नै छ । जनसरोकार छाडेर कमाउधन्दा मात्रै गर्ने कयौं प्रतिक्रियावादी र केही हाम्रै अगुवा भनिनेका कारण हामीलाई जनताले सच्याउन खोजेका छन् । हामीले त्यस्तो आन्तरिक प्रवृत्तिलाई परास्त गर्न सक्नुपर्छ ।

केन्द्रका हुन् वा स्थानीयका, हाम्रा अगुवा कमरेडहरूलाई जनताले राम्ररी नियालेका छन् । एउटा केन्द्रीय अभियान फाल्दिएर जनतासँग घनिष्ट भयौं भन्ने भ्रममा हामी रुमल्लिनु हुँदैन । यस्ता अभियानलाई अब हामीले सधैं पार्टी जीवनको अङ्ग बनाउनुपर्छ । आम जनता, समर्थक र हाम्रा इमान्दार नेता-कार्यकर्तामा समाज न्यायिक आर्थिक रुपान्तरणको गहिरो हुटहुटी म देख्छु । समस्या जनता र समर्थकमा छँदै छैन । कार्यकर्तामा केही छ । र, केन्द्रमा धेरै छ । जनताले हामीलाई सच्चिन मौका दिइरहेका छन् । हामी गुणात्मक विकासको र न्याय-अधिकारको अभियान लिएर जनताबीच पुगिरहनु पर्छ ।


सिन्धुलीका कुखुरापालक कृषकहरुमा खुशीको खबर !



हामीकहाँ ब्रोइलर,लेयर्स, हाँस, गाई, भैसी, बंगुर, माछा तथा बाखाको दाना पाउनुका साथै लोकल कुखुरा, लेयर्स, गिरिराज, कडकनाथ, बट्टाई,, टर्की र लौकाटको चल्लाहरु पाइन्छ । साथै कृषि सम्वन्धी विउ विजन तथा परामर्श सेवा पनि उपलब्ध गराइन्छ ।



सिद्धबाबा दाना चल्ला सप्लायर्स, सिन्धुली

कृषि उपज वजार, सिन्धुली फोन: ०४७:५२०६६१२ मरिण छाप: मोवाइल:९८४४०४५४००, ९८४४०४१०१०

# तिनपाटन गाउँपालिका पाँचलाई जिल्लाकै दोस्रो बालमैत्री वडा घोषणा

**मझुवादोभान**/ तिनपाटन गाउँ पालिका वडा नं. ५ लाई जिल्लाको दोस्रो बालमैत्री वडा घोषणा गरिएको छ । ५९ औं राष्ट्रिय बाल दिवसको सन्दर्भ पारेर बालमैत्री वडा घोषणा गरिएको हो ।

वडा नम्बर ५ का वडा अध्यक्ष भूपालसिंह तामाङको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिनिधि सभा सदस्य श्यामकुमार घिमिरेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा, बागमती प्रदेशका पूर्व स्वास्थ्य मन्त्री प्रदीप कुमार कटुवाल, बागमती प्रदेश सभा सदस्य, र ामकुमार पहाडी, मातृकाप्रसाद भट्टराई, जिल्ला समन्वय समिति का सभापति कारसाङ लामा, उपसभापति शान्ता कार्की, तीनपाटन गाउँपालिकाका अध्यक्ष कर्ण बहादुर मगरको विशिष्ट आथित्यतामा भएको कार्यक्रम भएको थियो ।




तीनपाटन गाउँपालिकाका उपाध्यक्ष धनबहादुर पुलामी, तीनपाटन गाउँपालिकाका नि.प्रमुख प्रशासकीय अधिकृत युवराज काफ्ले, वर्ल्ड भिजन ईन्टरनेशनका प्रमिल अधिकारी, रिलिफ नेपालका अध्यक्ष दुर्गाराज पौडेल, सिडस् नेपालका कोषाध्यक्ष बालकुमारी श्रेष्ठ लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

बालमैत्री घोषणाको लागी आवश्यक पर्ने ५१ वटा सूचकहरू पुरा गरे पछि वडालाई बालमैत्री वडा घोषणा गरिएको तीनपाटन गाउँ पालिकाले जनाएको छ ।

स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बाल अधिकारका सवाललाई प्राथमिकता दिने, समुचित विकासका लागि आवश्यक पर्ने सबै सेवा, सुविधामा हरेक बालबालिकाको पहुँच सुनिश्चित गराउने उद्देश्य बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को रहेको छ ।

निर्देशिकामा बालमैत्री स्थानीय शासनका लागि तय गरिएका बाल बचाउका १४ सूचक, बाल संरक्षण का १० सूचक, बाल विकासका छ सूचक र बाल सहभागिताका छ सूचक गरी सेवा प्रवाहसम्बन्धी सूचक ३६ वटा र संस्थागत विकासका १५ सूचक गरी ५१ वटा सूचकहरु पुरा भएपछि वडालाई बालमैत्री वडा घोषणा गरिएको पालिका अध्यक्ष कर्णवहादुर थापा मगरले बताए ।

घोषणा सँगै जिल्लामा बालमैत्री वडा दुई वटा पुगेका छन् । यस अघि यसै पालिकाको वडा नम्बर १० लाई बालमैत्री वडा घोषणा गरिएको थियो । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, कार्यान्वयन कार्यविधि २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र बालमैत्री स्थानीय निकाय घोषणा कार्यविधि २०७९ ले निर्दिष्ट गरेको कार्यान्वयनका ५ चरणहरू, ५१ वटा सूचकहरू पुरा गर्न वडा सँग सहकार्य गरेको रिलिफ नेपालका अध्यक्ष दुर्गाराज पौडेलले बताए । यस वडालाई बालमैत्री वडा घोषणाको लागी वर्ल्डभिजन इन्टरनेशनलको सहयोगमा रिलिफ नेपाल र सिडस् नेपालले वडा र पालिकासँगको समन्वयमा काम गरेको थियो ।

निकै ठूलो तामझामका साथ गरिएको कार्यक्रममा भने वालवालिकाहरुलाई बिहानै कार्यक्रम स्थलमा बोलाइएको थियो । सो कार्यक्रममा १ घण्टा पैदल हिंडेर नक्कले र सनीबाट विद्यार्थीहरु मझुवादोभान पुगेका थिए ।

स्मरणीय छः सनीमा रहेको माध्यमिक विद्यालय यसै वर्षबाट घटाएर प्रावि मात्रै कायम गरिएको थियो ।

## सिन्धुलीका .........

गर्नु भएको नगर शिक्षा शाखाले जानकारी दिएको छ ।

देशैभरका सार्वजनिक विद्यालयहरू मध्ये २०७९ सालको माध्यमिक शिक्षाको परिक्षामा प्रकाशित नतिजाका आधारमा सिन्धुलीका दुई सामुदायिक विद्यालयहरु क्रमश पहिलो र दोस्रो हुन सफल भएका थिए । दुधौली नगरपालिका ११ मा रहेको कमलामा माध्यमिक विद्यालय पहिलो र कमला मावि ढुंग्रेवासले नतिजामा दोस्रो स्थान हाँसिल गरेको थियो । पहिलो हुनेल नगद ३ लाख र राष्ट्रिय ध्वजा र शिल्प पाएको छ भने तेस्रो हुने एक लाख पाएको छ । त्यसैगरी सल्यानको नारायण मावि, कुमाख तेस्रो भएको छ । राष्ट्रिय शिक्षा दिवस २०८० मा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले उत्कृष्ट विद्यालय घोषणा गरेको हो ।

## ६ सय ........

माफी मिनाहा गरेको राष्ट्रपति कार्यालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

राष्ट्रपति पौडेलले भीमबहादुर खवास, हर्कबहादुर लिम्बु र समदिन मियाँसहित ६७० जना कैदीहरूको कैद सजाय माफी गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ । यसरी कैद साजाय माफी पाउनेमा गंभीर अपराधमा संलग्न राज्य पक्षीय कार्यकर्ताहरु समेत रहेको थाहा लागेको छ ।

# सामाजिक सञ्जाल



प्रधानमन्त्री प्रचण्डको छोरी गंगा दाहाल संगै उभिने महिला ७४ सालमा कालीकोटको तिलागुफा नगरपालिकामा माओवादीबाट उपमेयरमा निर्वाचित दन्ता नेपाली हुन् । ऊनी ७६ सालमा अमेरिकामा एक कार्यक्रममा सहभागी हुन गएकी थिइन् तर उतै लुकेर बसिन् । अहिले यो तस्बिर राष्ट्रसंघको ७८ औं महासभामा भाग लिन गएका प्रचण्डसँग खिचेर फेसबुकमा हालिन् । उपमेयर जस्तो गरिमामय र प्रभावशाली पदमा निर्वाचित जनप्रतिनिधिलाई नैं देश बन्छ भन्ने विश्वास छैन, अनि तिनको/हाम्रो नेताले बोलेको बकम्फुसे कुरा जनताले पत्याएर भावुक राष्ट्रवादी भइदिनु पर्ने ? भावनाले पेट भरिदैन, आङ ढाकिंदैन् । न भोको पेटले राष्ट्रवादको गित गाउँछ, न नाङ्गो आङले देशभक्तिको कथा सुन्ने धैर्यता राख्छ । अघाएकाहरुले हो साम्यवाद डकार्ने, लुट्न सेटिङ मिलाउन सक्नेले हो समाजवादको सारङ्गी रेट्ने । हाम्रा लागि जेबी टुहुरेको यो गित हिजो पनि उत्तिकै प्रिय थियो आजपनि उत्तिकै प्रिय छ । “बसाइँ हिंड्नेको ताँतीले बस्नेको मन रुवाउँछ, लाखौंको लागि उजाड छ यो देश मुठ्ठीभरलाई त स्वर्ग छ” हिजो देशभित्र बसाइँ जान्थे आज देशै बसाइँ जाँदैछ ।

➢ **मुकेश घिमिरे, तीनपाटन १ सिन्धुली**

मलाई नि एकदम नमीठो लागेको थियो त्यो समय । जब उपमेयर दर्शना नेपाली अमेरिकामै हराईन् भन्ने सुन्दा ।

➢ **बिमा लुंगेली पत्रकार, सिन्धुली**

राम्रो विचार राख्नुभयो । यद्यपि राष्ट्रियताका दृष्टिले प्रमले उनलाई भेट्नु गलत हो । वास्तवमा यो देशकै बेइज्जत हो । यस्तो किन हुन्छ ? के उहाँ प्रमको निकटतम् नातेदार हो र ? पार्टी सदस्यको हिजोको नाताले भेटेको भए त झन् बेइज्जती हो ।

➢ **बिनोद दाहाल**

पतीज मध्यकालिन समयमा वर्षभरी काम गरेर वर्षाको समय पार गरेपछि आफ्ना छोरी चेलीलाई आफ्ना मनका वह पोख्ने दुःख सुखको विसौनी बन्यो । टाढा टाढाका चेलीवेटीहरु एकैठाउमा भेला भएर अतितदेखि वर्तमानसम्मका आफ्ना घटना परिघटनालाई एक आपसमा आदनप्रदान गर्थे । दिदीबहिनीलाई दाजुभाई कति प्यारा थिए । आमाबुबालाई आफ्ना सबै छोराछोरी एक दिन भएपनि भेला भएर र माइलो गर्दा बाल्यावस्थाको याद दिलाउथ्यो । छोरोछोरी प्रतिको स्नेह, ममता र प्यार बढ्थ्यो । छोराछोरीलाई आफ्ना आमाबाबु प्रतिको कर्तव्य, जिम्मेवारी र दायित्वको बोध हुन्थ्यो, पर्वको माध्यमबाट । तर अहिले आम मानिसहरुको भनाई रहेको छ कि परम्पराका नाममा प्रतिस्पर्धा बढेको छ । वास्तविक संस्कारको अर्थ र औचित्य नै समाप्त हुनेगरी गरिएको आडम्वर र देखावटीपनले संस्कारकोनैं खिल्ली उडाएको छ

➢ **देवकी लामा, कमलामाई ७ सिन्धुली**

ओ क्रान्तिकारी, लोकतान्त्रिक, जनतान्त्रिक जनप्रतिनिधि बनिनु भएको मित्रहरु । हामी हिजो कहाँ को द्वारा राजनीतिक शिक्षा दीक्षा लिई आबश्यक्तानुसार पालन पोषण समेत गरि स्थानीय देखि, प्रदेश,संघमा पुगि जि बनेका छौं । आकाश हेरेर धर्तीलाई बिर्सन सकिँदैन । शिक्षक भनेका धर्ती हुन् । ठुलठुला प्रलय पनि थेग्न सक्छ । तर आकास हेर्नेहरुको हविगत धर्तीमा नटेकि जिउन नसक्नु सत्य हो नि ।

समाजवादी ब्यबस्थामा जानको लागि शिक्षा नीति समाजवादी ढाँचाको हुनु पर्दैन ? हिजोको भन्दा शिक्षकलाई दास बनाउने निरङकुश खालको कुन सोचबाट ल्याउने काम हुन लाग्यो ? पुनः सोचि सच्याउने काम गरियोस् । निजामती कर्मचारी ,सुरक्षाकर्मि मित्रहरू नेपाली बनी नेपाल लाई बलियो बनाउने हो भने शिक्षामा गुणस्तर वृद्धि गर्नु पर्छ । त्यसको लागि शिक्षकको मनोवल बलियो हुनुपर्छ । आज ल्याउन खोजेको बिधेयक शिक्षकलाई दास बनाउने प्रबृत्तिको भएकोले त्यसलाई सच्याउन आन्दोलनको आबश्यक्ता भयो त्यसकारण तपाईहरु अभिभावक ज्युहरुको नैतिक समर्थन को आबश्यक्ता छ । स्थानीय सरकारबाट कम्तीमा मौन समर्थन हुनपर्छ । धम्कीपूर्ण बिज्ञप्ति निकालेर बाधा अड्चन पुऱ्याउनु राजनीतिक भबिश्य जोखिममा पुऱ्याउनु मात्र हो । गुरु सम्मानित भए चेला ईज्जतदार बन्छन् । आन्दोलन अबधिको छुट पढाइको सट्टा बिदाको दिनमा समेत पढाएर पुरा गर्नुहिनेनै छ यसर्थ बिद्यार्थीहरुले न्यायको लागि आन्दोलनमा सहयोग पुऱ्याउनु पर्छ । गुरुहरुलाई आन्दोलनमा जान उत्साहित बनाएर ।

➢ **बिनोद दाहाल**

खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि
प्रदेशखबर www.epradeshkhabar.com
Email: sandeshjanapriya@gmail.com

ताजा दुध, दही, घिउ पनिर र खुवाका लागि हामीलाई संझनुहोस ।



कमलामाई डेरी प्रा.लि सिन्धुली
माझीटार,सिन्धुली (शिक्षा समन्वय कार्यालयसंगै) PHONE NO.- 9843354289

एउटा अधाएको व्ययक्तले भोको मानिसको आवश्यक्तालाई कहिल्यै बुझ्न सक्तैन । – कार्ल माक्स

## सम्पादकीय

# बिवादास्पद शिक्षा विधेयक संशोधन गर

सरकारले संविधानको भावना र प्रष्ट व्यवस्थासँग बाझिनेगरी विद्यालय शिक्षा सम्बन्धी ऐन ल्याएको छ । शिक्षा ऐन-२०२८ लाई संशोधन गर्नेगरी ल्याएको विधेयकका कयौ व्यवस्था संविधानसँग मेल खाँदैन । संसद सचिवालयमा दर्ता भएको विधेयकले शिक्षा सम्बन्धी संविधानको धारा ३१ लाई उल्लंघन गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । अरु अधिकारबारे सर्त राखेपनि शिक्षाको निःशुल्क व्यवस्थाबारे संविधानले अर्को विकल्प दिएको छैन । तर नीजि विद्यालयहरुलाई लाभ पुग्ने गरी ल्याइएको विधेयकले संविधानमा प्रत्याभूत तहसम्म निःशुल्क शिक्षाको व्यवस्था खण्डित गरेको छ । सार्वजनिक अभिव्यक्ति दिएरै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नीजि विद्यालयले राहत पाउने संकेत दिएका थिए ।

नभन्दै संसद सचिवालयमा दर्ता भएको विधेयकले नीजि विद्यालयलाई शुल्क लिन पाउने प्रावधान विधेयकमा गरिएको छ । यसअघि नीजि विद्यालयलाई गुठीमा लगेर क्रमशः शिक्षामा एकरुपता ल्याउने तयारी थियो । त्यसैअनुसार, नीजि विद्यालयलाई पाँच वर्षभित्र मुनाफारहित गुठीमा जान प्रेरित गर्नेगरी मस्यौदा गरिएको थियो । त्यस्तो व्यवस्थाको नीजि विद्यालयहरुले विरोध जनायो । यसपछि पछाडि हटेर सरकारले हाल सञ्चालनमा रहेका नीजि विद्यालयले गुठीमा नगए पनि हुने विधेयक ल्याइएको छ । सरकारी अधिकारीहरुले गुठीमा जाने व्यवस्था स्वच्छिक गरिएको तर्क गरेका छन् । तर नाफा लिन नमिल्नेगरी नीजि विद्यालय गुठी अन्तर्गत जाने कल्पना गर्न सकिन्न ।

यसबाहेक विधेयकका अरु कयौं व्यवस्था वर्तमान संविधानसँग मेल खाँदैन । संविधानले संघीय शासन संरचनाको व्यवस्था गरेको छ । त्यसअनुसार, तीन तहको सरकार अस्तित्वमा छ । तर विधेयकले समन्वयमा केन्द्रीत भइसकेको पुरानै जिल्ला शिक्षा कार्यालयलाई बलियो बनाउने कल्पना गरेको छ । विधेयक कार्यान्वयनमा आउँदा प्रधानाध्यापक तोक्ने, प्रश्नपत्रको गुणस्तर निर्धारण, विद्यालयहरुको अनुगमन, विद्यालयको सम्पत्ति व्यवस्थापन जस्तो अधिकार जिशिकालाई दिइएको छ । तर स्थानीय सरकारलाई भने संघीय ऐन बमोजिम रहेर काम गर्ने क्षेत्राधिकार तोकिएको छ । जबकी आधार भूत शिक्षाबारे निर्णय लिने अधिकार स्थानीय सरकारलाई दिइनुपर्ने बहस चलिरहेको छ । अझ विधेयकले आधारभूत तहको शिक्षणको भाषाबारे समेत व्यवस्था गरेको छ । त्यसअनुसार गणित, कम्प्युटर र विज्ञान विषय अंग्रेजी माध्यममा हुनुपर्नेछ । जबकी यसअघि पाठ्यक्रमको भाषामा अहिलेजस्तो कडाइ थिएन । समग्रमा विधेयकले संविधान र मुलुकको परिवर्तित आवाजलाई प्रतिनिधित्व गर्ने देखिदैन । अतः बिवादास्पद शिक्षा विधेयक संशोधन गरिनु पर्दछ ।

# स्पेनकी राजकुमारी सेनामा भर्ना

कुनै पनि देशको सेनामा भर्ना हुनु प्रतिष्ठित काम हो तर देशकी राजकुमारी सेनामा भर्ना हुन आश्चर्य को विषय हो । स्पेनमा यस्तै भएको छ । स्पेनकी राजकुमारी लियोनर आफ्नो देशको सेनामा र सामेल भएकी छिन् । जसका कारण विश्वभर यस विषयको चर्चा भइरहेको छ । दरबारमा बस्ने राजकुमारी लियोनोरले अब भारी आर्मी बुट र बर्दी लगाएर युद्ध तालिममा सहभागी हुनेछिन् । राजकुमारीको उमेर मात्र १७ वर्ष छ ।

लियोनरले तीन वर्ष सैन्य तालिम लिने निर्णय गरेकी छिन् । र ाजकुमारी लियोनर स्पेनका राजा फेलिप र रानी लेटिजियाकी जेठी छोरी हुन् । उनलाई बिहीबार नै परिवारको तर्फबाट युद्ध तालिमका लागि शाही बिदाइ गरिएको छ । राजकुमारी जारागोजा बिहीबार आर्मी एकेडेमी पुगेकी थिइन् । राजकुमारीसँग उनको परिवारका अन्य सदस्यहरू पनि थिए ।

अन्तर्राष्ट्रिय सञ्चार माध्यमका अनुसार राजकुमारी लियोनरले मार्चमा यो जागिरका लागि आवे दन दिएकी थिइन् । राजकुमारी लियोनरले आगामी तीन वर्षसम्म कडा सैन्य तालिम लिने बताइएको छ ।

# कार्यान्वयन हुन नसकेको नेपालको संविधान !

**◻ दिपा भण्डारी**

नेपाली जनताको दशकौं लामो बलिदानीपूर्ण संघर्षको परिणामले प्राप्त भएको नेपालको संविधान २०७२ जारी भएको आठ वर्ष पुराभई नौं वर्ष लागेको छ । निकै ठूलो रस्साकस्सीका बीच संविधान जारी गरिएको यो विशेष दिनमा जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन र विभिन्न कालखण्डमा भएका संघर्षमा प्राणको आहुती दिने महान् सहिदहरुप्रति संझनैं पर्छ र उहाँहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै त्यस क्रममा घाइते भएर अझै पनि मृत्युसँग पौंठेजोरी खेलीरहेकाहरुलाई उच्च सम्मान व्यक्त गर्दछु । उनीहरुको योगदानका कारण नयाँ संविधान घोषणा भएको तथ्यलाई कसैले भुल्नु हुँदैन ।

हाम्रो संविधानले हामी नेपालीलाई समाजवादउन्मुख दिशामा अग्रसर गराउने भनेको छ । देशमा संघीयता, धर्मनिरपेक्षता, समानुपातिक प्राणाली हरु लागू भएको छ । संघीय, प्रदेश र स्थानीय गरी तीन तहका सरकार निर्माण भएका छन् । रोजगार, नियुक्ति र जनप्रतिनिधि छनोटका क्षेत्रमा महिला, दलित, जनजाति, मधेशी, पछिडिएको क्षेत्र, अपांगता आदिमा कोटा छुट्याइएको छ । देशको शासन प्रणालीलाई जनमैत्री बनाउन संवैधानिक आयोगहरु गठन गरिएकाछन् ।

भ्रष्टाचार, शान्ति सुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगार, बेथिती, ढिला सुस्ती, नातावाद कृपावादका बारेमा संघीय तथा प्रादेशीक एवं स्थानीय सरकारहरु निकै सचेत र चनाखो भई अख्तियारी प्रदान गरिएका अधिकार सम्पादनमा जुटेका छन् । हाम्रो संविधानले ऐन, कानून सबैलाई बराबरी लाग्ने व्यवस्था गरेको छ । नियम, कानुन र संविधानभन्दा माथि कोही पनि छैन भन्ने कुरा आम नागरिकले बुझेका छन् तर सरकारका तर्फबाट भएका काम कारबाहीले सानालाई ऐन र ठूलालाई चैन भन्ने कुरा तथ्यहरुले देखाइरहेका छन् । यस्तो अबस्थामा मनाउन लागिएको संविधान दिवशले यस्ता केही यक्ष प्रश्नहरु उठाइरहेको छ, जुन कुराको जवाफ अनिवार्य रुपमा दिवश मनाउन फर्मान जारी गर्नेहरुले दिनुपर्ने छ ।

कानुनको नजरमा सबै समान हुन् भनिएपनि ललिता निवास जग्गा अपचलन प्रकरण र सुन तस्करी अनुसन्धान प्रकरणमा भएका दृश्य हरुले सरकार स्वयं संविधान उलंघन गरिरहेको छ र त्यो कुरा नेपाली जनताले महसुश गरिरहेका छन् । यस अर्थमा संविधान दिवस मनाउनुको औचित्यता पुष्टि गराउन सक्नु पर्छ ।

संविधानले शिक्षा, स्वास्थ्य, गाँस, बास र कपास मात्र होइन, नागरिक तथा राजनीतिक अधिकार एवम् आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पनि सुनिश्चितता गरेको छ । संविधानले नेपालमा बसोवास गर्ने समस्त आदिवासी, जनजाति, महिला, दलित, अल्पसंख्यक, मुसलमान, मधेसी, थारु, उत्पिडित, पिछडिएका वर्ग, क्षेत्र लगायत सम्पूर्ण नेपालीले आजसम्मको संघर्षबाट प्राप्त गरेका हक अधिकारलाई संस्थागत गरेको छ । तर त्यसको कार्यान्वयनको अबस्था हेर्ने हो भने कहालीलाग्दो छ । सरकारले आफैंले जारी गरेको संविधानलाई मान्दैन वा संविधान कुन चराको नाम हो भन्ने जस्ता सन्देहास्पद टिप्पणीलाई फाइदा पुग्नेगरी काम गरिरहेको छ । केन्द्रीकृत र एकात्मक शासन व्यवस्थाको स्थानमा विकेन्द्रीकृत र संघात्मक शासन प्रणालीको व्यवस्था गर्नु यस संविधानको अर्को महत्वपूर्ण उपलब्धि मान्नुपर्ने हुन्छ । साझा शासन र स्वशासनको उचित तालमेल मिलाई सहकारिता, सहअस्तित्व र समन्वयका सिद्धान्त मा आधारित संघीय शासन प्रणालीको स्थापना गर्ने परिकल्पना २०७२ को बर्तमान संविधानले गरेको छ ।

संविधान जारी गरेको भोलीपल्टै आधा गिलासा पानीजस्तै हो भन्दै टिप्पणी गर्ने डा. बाबुराम भट्टराई र जातीय राज्यहरु स्थापना गराइ छाड्ने मुद्धा बोकेर सरकारमा रहेको माओवादी केन्द्र जस्ता दलको अर्कमण्यताभित्र नयाँ संविधानमा सुधार गर्नुपर्ने कुराहरू पनि उल्लेख गर्नुपर्ने हुन्छ । हामीलाई थाहा छ, यो संविधानमा मधेशी, थारु, जनजाति लगायतका समुदायका कतिपय जायज माग र आकाक्षांहरुलाई अझै समावेश गर्न सकिएका छैनन् ।

शान्ति प्रकृयालाई टुंगोमा पुऱ्याउन, बेपत्ताहरुको छाविन लगायतका आदि कार्यहरु अझै हुन सकिरहेको छैन । समय समयमा हुने संशोधनबाट संविधान परिष्कृत र परिपक्व बन्दै जान्छ भन्ने कुरा विश्वका अन्य देशहरुले पनि देखाएका छन् । नेपालको संविधान पनि गतिशील र जीवन्त दस्तावेज भएकाले हाम्रो मुलुकको वस्तुगत परिस्थिति र जनताको आकांक्षा अनुसार यसलाई समय सापेक्ष संशोधन गर्दै जानुपर्छ ।

समष्टिमा भन्दा मौलिक हक, समावेशिता र पहिचान, अधिकार र स्रोतको विकेन्द्रीकरण लगायतका धेरै विषयमा नेपालको संविधान अग्रगामी रहेको छ । यस कुरालाई वस्तुपरक भएर विश्लेषण गर्ने सबैले स्वीकार गरेको अवस्था हो । साथै यस संविधानले नागरिक र राज्यबीचको सम्बन्धलाई नयाँ आयामबाट परिभाषित गरी नेपाली जनतालाई शासन सत्ताको केन्द्र बिन्दुमा राखेको छ ।

संविधान जारी भएपछि संघीय संसद, प्रतिनिधि सभाको पहिलो कार्यकाल पुरा भई दोस्रो कार्यकालमा प्रवेश गरेको छ । संविधानको अभ्यासकै क्रममा स्थानीय तहहरुले आफ्नो एक कार्यकाल पूरा गरी दोस्रो कार्यकाल प्रारम्भ गरिसकेका छन् । त्यसैगरी प्रदेश सरकार पनि दोस्रो कार्यकालमा हिँडिरहेको छ । यस अवधिमा संविधान रक्षाका लागि अनेक पहल पनि भए । लोकतन्त्रको संस्थागत विकासका लागि थुप्रै कार्यहरु सम्पादन भए । यसबीचमा भएका कमीकमजोरी सच्याएर आगामी दिनमा हुने थप अभ्यासबाट संविधान अझ समृद्ध हुँदै जाने अपेक्षा गरिएको छ । संविधानको रक्षा र कार्यान्वयनमा क्रियाशील शक्तिहरुले उच्चतम समझदारी बनाएर अघि बढ्नुपर्ने आवश्यकता अझै विद्यमान छ ।

# स्वर्गीय नेम्वाङबाट सिक्नुपर्ने पाठ

**◻ कृष्ण गौतम**



**सरल स्वभावका नेम्वाङकै शैलीको मद्दतमा मुलुकले ऐतिहासिक संविधानसभाबाट संविधान पायो । त्यो संविधानप्रति असहमतिहरु अहिले पनि छन् । तर मुलुकले निकास पाएको त्यो संविधान निर्माणको क्रममा नेम्वाङले खेलेको भूमिकाकै कारण सरकारले शोकविदा दिनेदेखि राजकीय सम्मान नेम्वाङलाई मिलेको छ । अझ मुलुकले दीर्घकालसम्म नेम्वाङको सम्झना गर्नेछ ।**

संविधानसभाका अध्यक्ष एवम् पूर्वसभामुख सुवासचन्द्र नेम्वाङको निधनबाट राजनीतिक वृत्त स्तब्ध बनेको छ । हृदयघातबाट मंगलबार बिहान निधन भएका नेम्वाङलाई सरकारले राजकीय सम्मान दिदै एकदिन शोक विदा दिने निर्णय गरेको छ । नेम्वाङको अन्त्येष्टि गरिने बिहीबार सरकारले शोक विदा दिएको हो । पार्टी उपाध्यक्ष नेम्वाङको निधनमा नेकपा एमालेले तीन दिन आधा झण्डा झुकाउने निर्णय गरेको छ । नेताहरुले नेम्वाङलाई गुमाउदा सर्वस्वीकार्य नेता गुमाउनु परेको टिप्पणी गरेका छन् । विशेषगरी संविधान निर्माणमा नेम्वाङले खेलेको भूमिकालाई लिएर उच्च श्रद्धा प्रकट गरेका छन् । नेम्वाङ दुवैपटक बनेको संविधानसभाका अध्यक्ष थिए भने चारपटक सभामुखको भूमिकामा रहे ।

पहिलो र दोस्रो संविधानसभा सहित चारैपटक सभामुख बन्दा नेम्वाङ निर्विरोध भएका थिए । सत्ता केन्द्रीत राजनीति चलिरहँदा चार पटक निर्विरोध सभामुख चयन हुनु सामान्यतयाः कल्पनाबाहिरको विषय हो । अझ सात दशक लामो राजनीतिक संघर्षको जगमा बनेको संविधानसभाको नेतृत्व आफैमा महत्वपूर्ण थियो । त्यसमा एमालेको नेताका हैसियतमा निर्विरोध हुनुले नेम्वाङ चासोमा परे । कतिसम्म भने सभामुख भनेकै सुवास नेम्वाङ जस्तो बन्न पुगेका थिए । नेताहरुले त्यस्तो परिस्थिति निर्माणको पछाडि सुवास नेम्वाङको व्यक्तित्व कारण रहेको बताउँछन् । हुनपनि संविधान निर्माण गर्न दलहरुबीच चानचुने सहमतिले पुग्ने थिएन ।

संविधानका अन्तर्वस्तुहरुमा दल हरुका आ-आफ्नै अडान थिए । तर दलहरुबीच सहमति जुटाउन नेम्वाङ उपयुक्त पात्र रहेको नेता हरुको बुझाइकै कारण उनी बारम्बार निर्विरोध अध्यक्ष भए ।

सरल स्वभावका नेम्वाङकै शैलीको मद्दतमा मुलुकले ऐतिहासिक संविधान सभाबाट संविधान पायो । त्यो संविधानप्रति असहमतिहरु अहिले पनि छन् । तर मुलुकले निकास पाएको त्यो संविधान निर्माणको क्रममा नेम्वाङले खेलेको भूमिकाकै कारण सरकारले शोकविदा दिनेदेखि राजकीय सम्मान नेम्वाङलाई मिलेको छ । अझ मुलुकले दीर्घकालसम्म नेम्वाङको सम्झना गर्नेछ । तर अहिले मुलुक भन्दा पनि नेताको स्वार्थ प्रेरित जस्तो राजनीतिक खिचातानी चलिरहेको छ, त्यस्तो बेला नेम्वाङको अभाव पक्कै खड्किनेछ । अर्थात् मुलुक र नेपाली राजनीतिले अपुरणीय क्षति बेहोरेको छ । त्यस्तो बेला नेताहरुले नेम्वाङबाट प्रेरणा लिएर मुलुकलाई निकास दिने र राष्ट्रिय हितमा जस्तासुकै अडानबीच सहमति खोज्न आवश्यक छ । नेम्वाङले अपनाएको व्यवहार र जीवन शैलीलाई अन्य नेताले अनुशरण गरेमात्रै उहाँप्रति सच्चा श्रद्धाञ्जली हुनेछ ।

सिन्धुली जिल्लामा लोकप्रीय ब्राण्डका जुत्ता तथा चप्पलको होलसेल तथा खुद्रा विक्रिका लागि हामीलाई संझनुहोस् ।



प्रो. राजकुमार श्रेष्ठ ९८५४०४०१९८

राशिश जुत्ता पसल

(स्टल बजार तथा लक्ष्मी बैंकसँगै) RASIS SHOSE HOUSE

# रासायनिक मलमा सरकारलेनैं गराउँछ, बिचौलियाको प्रवेश !

**सिन्धुली**/ संघीय सरकारले मल खरिदका लागि टेण्डर आब्हान गर्दछ । सेटिङमा आवाश्यक मल आयात हुने सुनिश्चित भएपछि सरकारले रासायनिक मलको ठेक्का तोकिएको मान्छेलाई दिलाउँछ । अनि त्यसरी आएको मल सात प्रदेशमा समानुपातिक हिसावले बितरण गर्दछ । खेतीपाती र जमिनको अबस्थालाई नबुझी छुट्याइएको मललाई प्रदेश कृषि तथा पशुंपक्षी विकास मन्त्रालयले हचुवाको भरमा आफ्नो मातहतको जिम्लाका लागि कोटा निर्धारण गरिदिन्छ। आफ्नो प्रदेश अर्न्तगतको जिल्लाको खेतीयोग्य जमिनको तथ्य बिबरण बिना बिचौलिया मल बिक्रेता र सहकारीहरुको दबावमा मलको कोटा निर्धारण गरिदिंदा प्रत्येक वर्ष सरकारी अनुदानको युरिया र डिएपी मल किसानहरुको मा हैन बिचौलिया काला बजारीया हरुको हातमा पुग्ने गरेको छ ।



बिचौलिया, नेता र मन्त्रीको पहुँचका आधारमा मलको कोटा छुट्याइँदा पहाडी जिल्लामा मात्रै होइन सिमावर्ती तराईका जिल्लाहरुमा पनि चरम संकट देखिएको हो ।

यस अगाडि सरकारले ७०.८२ प्रतिशत बराबर अनुदान कटौती गर्ने निर्णय गऱ्यो । जुन अनुदानको मल किसानले बिगत दुई वर्षदेखी पाउन सकेका थिएनन् । सोही कुरालाई आधार मान्दै अनुदान दर लाई क्रमश: ५० प्रतिशतमा झार्ने कृषि मन्त्रालयको प्रस्ताव सरकारले स्विकृत गर्दै अनुदान ५९.०४ प्रतिशतमा सिमित राख्ने निर्णय गरेको थियो । तर एक सातामैं प्रचण्ड नेतृत्वको सरकार निर्णयबाट पछि हटेको थियो । किनकी, सरकारले मलको अनुदान घटाएपछि मलको खरिद मूल्य बढ्ने भन्दै किसान अगुवाहरु आन्दोलित भए । सरकारले किसानको ढाड सेकेको भन्दै सडक र संसदमा आवाज उठेपछि प्रधानमन्त्री पुष्पकमल दाहालले रोष्ट्रममा उभिएर जवाफ दिनुभयो । प्रधानमन्त्री दाहालले संसदमा जवाफ दिंदै, किसानले अनुदानको अनुभुती गर्न नपाएको स्विकार गर्नुभयो ।

तत्कालीन अर्थमन्त्री बाबुराम भट्टराईको पालादेखि सरकारले नियमीत मल अनुदानमा ठूलो रकम खर्च गर्दै आएको छ । तर बजेटको पारदर्शीता र व्यवस्थापन माथि प्रश्न उठ्न छाडेको छैन । कृषकका लागि सरकारले मल अनुदानको कार्यक्रम ल्याउनु राम्रो हो तर मुख्य बाली लगाउने समयमा किसानले कहिल्यै मल पाउँदैनन् ।

सरकारले अनुदानको मल आयात गरेर पारदर्शी वितरणको व्यवस्थापन नगर्दा किसानहरु कालोबजारीको महँगो मल किनी रहेका छन् । तर सरकारले अहिलेसम्म भनेको छैन- वार्षिक १५ अर्ब रुपैयाँ भन्दा बढीको अनुदानको मल कुन-कुन विचौलीया ले बितरण गर्छन् ? सरकारले ल्याउन नसकेको मल काला बजारीयाले खुलेआम कहाँबाट ल्याउँछन् र किसानहरुको पसिना चुसी रहेका छन् ? सरकार र स्थानीय प्रशासन बेखबर बनिरहेको छ ।

पूर्व कृषिमन्त्री घनश्याम भुसाल कृषि सामग्री कम्पनी लिमिटेड भित्रै मल बिचौलीयाले सेटिङ मिलाउने गरेको बताउनुहुन्छ । कृषि सामग्री कम्पनी लिमिटेडले निजी क्षेत्रलाई भन्सार विन्दुबाट मल ल्याउने वातावरण बनाएमा किसानले कालो बजारीको मुख ताक्नै नगर्ने उहाँको भनाई थियो ।

कृषि तथा पशुपंक्षी मन्त्रालयले ६६ हजार मेट्रिकटन रासाइनिक मल मौज्दात रहेको बताइरहेका बेला कृषि सामाग्री संस्थानको जिल्ला स्थित डिपोहरुमा गोदाम खाली भएको छ । कृषि सामाग्री संस्थान सिन्धुलीका प्रमुख भन्नुहुन्छ: हामी सँगबाट जिल्ला स्थित सहकारी संस्थाहरुले मल लगेका छन्, तर गाउँ गाउँबाट मल चाहियो भनेर माग्न आउने सर्वसाधारणको संख्या बढीरहेको छ । गाउँका लागि भनेर लगिएको मल तोकिएकै ठाउँका किसानले पाएका छैनन् वा कालो बजारीका लागि गोदाम गरेर राखिएको छ । उहाँले अगाडि भन्नुभयो ।

पूर्व कृषिमन्त्री हरिवोल गजुरेल विगतमा जस्तो अहिले नेपालमा रासाइनिक मलको समस्या नरहेको बताउनुहुन्छ। कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङ कम्पनीम मलको मौज्दात रहेको देखिएपनि किसानहरुले मल नपाएको गुनासो सुन्दा आफु आश्चर्य चकित भएको बताउनु भयो । उहाँले आफु कृषि मन्त्री भएका बेला भारतको नाकाबन्दी थियो, मधेस आन्दोलनले मुलकुमा समस्या सिर्जना भएको थियो तर त्यस बेला मल सहज आपूर्ति गरेर किसानहरुको घर घरमा पुगेको थियो तर अहिले पर्यात मलको मौज्दात देखिंदा पनि हाहाकार देखिनुलाई बिचौलियाको प्रभावका रुपमा बुझ्नु पर्ने बताउनु हुन्छ ।

मल बितरणमा बिचौलियाको प्रभाव देखियो, यसलाई नहटाएसम्म किसानहरु कहाँ नपुग्ने रहेछ, पूर्वकृषि मन्त्री गजुरेलले भन्नुभयो । पहिला मल ल्याउन नसकेर समस्या थियो अहिले किसानको हातमा पुऱ्याउन नसकेर समस्या देखियो । गजुरेलले बिचौलिया र कालाबजारियाले मल गोदाममा लगेर थन्क्याएकैले अहिले बजारमा मलको हाहाकार भएको स्वीकार गर्नुभयो । प्रधानमन्त्री पुष्कमल दाहालका राजनैतिक सल्लाहकार समेत रहनुभएका माओवादी केन्द्रका उपमहासचिव गजुरेलले बिचौलियाको चंगुलबाट मलको कारोवार छुटाउन सरकारले गृहकार्य गरिरहेको बताउनुभयो ।

कृषकले समयमै मल पाउँदैनन् । हरेक वर्ष मल कारखाना स्थापना गर्ने घोषणा हुन्छ । तर कार्यान्वयन कसैले गर्दैन ।

मल कारखाना वा मल खरिदको एजेण्डामा तलदेखि माथिसम्मै चल्ने सेटिङ, मलको ठेक्का, आयात गर्ने, अनुदान दिने यी सबै प्रक्रियामा मोटो रकम लेनदेनमा चल्ने भएपछि सबै मालामाल बनिरहेका छन् ।


## सार्वजनिक हितको लागि जारी सुचना

- एक्कासी उच्च ज्वरो आउने, मांसपेशी, टाउको तथा जोर्नी दुख्ने थकान महशुस हुने वा वान्ता हुने लक्षण देखिएमा डेङ्गी रोग संक्रमण हुन सक्छ त्यसैले डेङ्गी रोगबाट बच्ने एक मात्र उपाय भनेको झुल भित्र सुत्नु हो ।
- पर्ती, बाँझो र खाली रहेका निजी जग्गामा भौगोलिक हावापानी सुहाउँदो उपयुक्त प्रजातीका रुख, डालेघाँस तथा जडिबुटी जन्य प्रजातीका रुख विरुवा रोपौं र त्यसै खेर गइरहेको जग्गाको सदुपयोग गरौं, उत्पादन बढाऔं ।
- स्थानीय तहका भौतिक पूर्वाधारहरु सार्वजनिक सम्पति हुन् सबै भौतिक पुर्वाधारको रेखदेख गर्नु सबै नागरिकहरुको कर्तव्य हो ।
- सार्वजनिक जमिन अतिक्रमण नगरौं । सरकारले निर्धारण गरेको सडक, पुलको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण नगरौं ।
- शिक्षानैं विकासको पुर्वाधार भएकाले गुणस्तरीय शिक्षाको विकासमा सबैले उहयोग गरौं ।
- जन्म, बिबाह, मृत्य, बसाई सराई जस्ता घटनाहरु आफ्नो वडा कार्यालयहरुमा नियम पुर्वक दर्ता गराई सचेत नागरिक बनौं ।
- सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभग्राहीहरुले हरेक वर्ष आफ्नो फोटो सहितको व्यक्तिगत विवरण आफ्नो वडा कार्यालयमा दर्ता गराऔं

**फिक्कल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिन्धुली, बागमती प्रदेश**


### नेपालका .........

रामप्रसाद भण्डारी र पूर्णमायाँ थापा मगर सर्बसम्मत चयन भएको अध्यक्ष भण्डारीले सन्देश जनप्रिय साप्ताहिकलाई बताए । गोलन्जोर गाउँपालिकाबाट नेताहरु ओम बराल, रोमवहादुर देवकोटा, गोविन्द लुंगेली, लक्ष्मण हायु र महिला प्रतिनिधिमा काठमाडौ बस्दै आएकी निलिमा गुरुङलाई सर्वसम्मत चयन गरिएको छ । काठमाडौ बसाइका क्रममा खर्च पानीमा सहजता ल्याउने उदेश्यले गोलन्जोरले स्थानीय कमिटीमा सक्रिय रहेका महिलालाई पाखा लगाउँदै गुरुङलाई सर्वसम्मत बनाएको पालिका कमिटीका एक सदस्यले बताए ।

त्यस्तै तीनपाटन गाउँपालका कमिटीले प्रदेश कमिटी सदस्यमा उमेदवार बन्ने अनुहार देखिएको प्रल्हाद पोखरेललाई एक नम्बर मा राखेर पठाएको छ । त्यसै गरी रामप्रसाद गौतम, रेखराज अधिकारी, तुक्तवहादुर पुलामी, पोष्टराज काफ्ले र पूर्व गाउँपालिका उपाध्यक्ष पदममायाँ तामाङलाई रस्साकस्सी बीच सर्वसम्मत बनाएर पठाएको छ ।

हरिहरपुरगढी गाउँपालिकाले हिरा लामा, मानवहादुर वाइवा र मेघराज राईलाई सर्वसम्मत रुपमा प्रतिनिधी बनाएर पठाएको एमाले सिन्धुलीका उपाध्यक्ष कर्ण घिसिङले जानकारी दिए । उनका अनुसार ध्याङलेख गाउँपालिका कमिटीबाटअच्यूतकुमार श्रेष्ठ र प्रमिला वाइवालाई सर्बसम्मत रुपमा पठाइएको हो ।

**सिन्धुलीबाट पदाधिकारीमा दुई जनाको दाबी**

काठमाडौमा हुन लागेको प्रदेश अधिवेशनले सर्बसम्मत नेतृत्व चयन गर्ने कुनै चामत्कारिक निर्णय बिना संभाबना क्षीण बन्दै गएको छ । मकवानपुरका कृष्णप्रसाद दाहाल र रामेछापका कैलाश ढुंगेलले एमालेको केन्द्रीय पदबाट राजिनामा दिएर बागमती प्रदेश कमिटीको अध्यक्षको घोषणा गरेसँगै चुनाबी प्रतिस्पर्धा निकै रोचक हुने देखिएको हो । दाहाल र ढुगेलले मात्रै होइन काठमाडौका सानु श्रेष्ठ र बामगती प्रदेश कमिटीका वर्तमान अध्यक्ष केशव पाण्डेले पनि अध्यक्षको उमेदवार बन्ने उद्घोष गरेका छन् । सर्वसम्मत नेतृत्व चयन हुने अबस्था आएका मकवानपुरका दाहाल र रामेछापका ढुंगेलका बीच कस्लाई बनाउने भन्ने विषयले नेताहरुका बीचमा रस्साकस्सी गराउने छ । यदी निर्वाचन प्रक्रियामै जाने अबस्थामा चारै जनाको चुनाब भएमा परिणाम मकवानपुरका दाहाल को पक्षमा जानसक्ने एमालेभित्रै आँकलन गरिएको छ । किनकी प्रदेश राजधानी हेटौंडामा भएको र पार्टीका हरेक गतिविधीमा क्रियाशिल हुन नेतृत्वलाई सहज हुने र सबै भन्दा बढी प्रतिनिधी रहेको चितवन जिल्लाले पनि मकवानपुर जिल्लाकै नेतालाई रोज्ने अबस्था आउने एमाले का एक नेताले बताए । प्रतिनिधी छनोटमैं रस्साकस्सी देखिएको सिन्धुली एमालेमा प्रष्ट दुई धार बनेको छ ।

एमाले सिन्धुली नेताहरु प्रदीप कटुवाल उपाध्यक्ष र खड्गवहादुर खत्री आउँदो अधिवेशनमा बागमती प्रदेश कमिटीको उपसचिवमा उमेदवारी दिने तयारीमा लागेका छन् । त्यस्तै एकमात्र दलित सदस्यमा रामबहादुर विश्वकर्माले उमेदवारी घोषणा गरेका छन् ।

खत्री र कटुवाल कृष्ण दाहाल, कैलाश ढुंगेल वा वर्तमान अध्यक्ष पाण्डे मध्ये कुन समूहमा जोडिन्छन् भन्ने तथ्य भने खुलेको छैन । यता केही नेताहरुले भने प्रदेश महाधिवेशनमा एक जनालाई उमेदवार बनाएर लैजानु पर्ने भन्दै आवाज उठाउन थालेका छन् । विद्यार्थी संगठन अनेरास्ववियुको निर्वाचनमा सिन्धुली जिल्लाका एकै पदमा दुई उमेदवार बनेपछि सर्मनाक हार व्यहोरेको अनुभवबाट पाठ सिक्न नेताहरुलाई केही विद्यार्थीहरुले सुझाएको थाहा लागेको छ ।


**सिन्धुलीमा होलसेल तथा खुद्रा मुल्यमा ताजा तरकारी पाइन्छ ।**

बिवाह होस् वा पार्टी, पिकनिक होस् वा पुजाका लागि कतै जानैं पर्दैन। सिन्धुली जिल्लाकै उत्पादन हामी तपाईको घरमै ल्याइदिन्छौं।



- विषादी प्रयोग नगरिएका सागसब्जी
- आलु, लसुन, प्याज, खुर्सानी, हरियो धनियां, टमाटर
- मोटरकोसा, बन्दा, काउली, ब्रोकाउली,कागती, दालहरू



**राकेश तरकारी पसल, तरकारी बजार, सिन्धुली, फोन: ९८४४०९१९७७**

# सुबास बजगाईको कथा : एघारौं दिशाको यात्रा

हिजो राति सपनामा म आकासमा तैरिरहेको रहेछु । म नजिकै एक जना मानिस हतार हतार सूर्य प्रकाशझैँ तेज गतिमा उडिरहेको देखेँ । उसको अनुहारमा व्याकुलता झल्कन्थ्यो भने उसका गहिरा गहिरा आँखाले गहनतम खोज अनि दृढता झल्काउँथे । यद्यपि व्याकुल देखिए पनि अनुहारमा एक किसिमको दिप्ति थियो, जाज्वल्यमान आभा थियो वरिपरि ।

अनि बिल्कुलै नग्न कुनै वस्त्र थिएन शरीरमा । कति निर्दोष अनुहार बालकझैँ, म मन्त्रमुग्ध भएँ कति सुन्दर शरीर कुनै मूर्तिकारले वर्षौं मिहिनेत गरी घन छिनुले छाँटेको झैँ देखिन्थ्यो ।

अनि सोच्न बाध्य भएँ कि यत्रो विशाल आकास जसको न कुनै छेउछाउ नै देखिन्छ कहाँ जाँदै होला यो मान्छे फेरि यति हतार केका लागि ?

मैले उत्साहपूर्वक सोधेँ, “मित्र कहाँ जाँदैछौ यति हतार हतार? सब ठीकठाक त छ ?”

उसले अलि अप्ठेरो महसुस गर्यो उत्तर दिन, अलि अन्कनाएजस्तो, अविश्वास गरे झैँ बताउन नचाहे जस्तो अलि शंकालु नजरले उसले मेरा दुई आँखामा अपलक निहार्यो । फेरि उस्को मुहारमा एक कान्ति प्रष्ट झल्कियो । सायद बुझ्यो उस्ले मैले सोध्नकै लागि सोधेको थिइनँ, मात्र औपचारिकता थिएन प्रश्नमा गहिरो मुमुक्षा थियो । झिल्का झिल्का नै सही खरानी मात्र थिएन अँगेनामा, भित्रभित्र ज्वलन्त अङ्गारका झिल्काहरु थिए । श्वास चल्थ्यो सायद धुकधुकी बाँकी थियो अझै, बिल्कुलै ठण्डा भएको थिइनँ, मुटु धड्किदै थियो बन्द भैसकेको थिएन । उसको पारदर्शी नजरसामु जति नै खरानीले ढाके पनि झिल्काहरु लुकिरहन सकेनन् सायद, उसले निर्धक्क हुँदै उत्तर दियो, “म मन्दिर जाँदैछु मित्र ।”

“मन्दिर जाँदैछौ ? ” मैले आश्चर्य चकित हुँदै उस्को उत्तर लाई पुनः प्रश्न बनाउँदै भनेँ, “अनि निर्वस्त्र जान्छौ, खै त पूजाको थाली, धुप, दीप ? खै वस्त्र, आभूषण, सजावट, शृंगार ?”

उसले भन्यो, “मित्र मन्दिर जाँदा पनि आफूलाई वस्त्र आभूषणले ढाकेर, आफ्ना कुरुपता ढाक्नलाई सजावट शृंगार गरेर जानू ? फेरि कहाँ छ त्यस्तो ठाउँ जहाँ म आफू हुन सकूँ, आफूलाई पूरा पूरा जस्तो छु त्यस्तै व्यक्त गर्न सकूँ ?”

उसको कुराले म झसङ्ग भएँ मेरो आँखा खुले झैँ भयो । उसको प्रतिप्रश्नको कुनै उत्तर थिएन मसँग ।

मैले फेरि सोधेँ, “अनि खाली हात जान्छौ ? आराध्य देवलाई के चढाउँछौ नि मित्र ?”

उसले मतिर हेर्दै भन्यो, ” के छ र यहाँ मेरो आफ्नो जीवन बाहेक मित्र, म मेरो जीवन चढाउँछु । प्रत्यक मुठ्ठी स्वास, मुटुका ढुकढुकिहरु, आशा र अभिलाषाहरु सबै सबै चढाउँछु ।

म निशब्द भएँ उसका शब्दहरूले, कति बेजोड थिए उसका शब्द, कुनै शास्त्री पण्डितले किताब कण्ठ गरेर भनेका शब्द थिएनन् । उसका शब्दहरु मात्र शब्दहरु थिएनन्, अनुभवको बल थियो शब्दमा । सुन्ने लाई चुनौती थिए उसका शब्दहरू । आज मैले कहिल्यै नसुनेको कल्पनासम्म पनि नगरेका वाणीहरु सुनेको थिएँ । अब म मात्र सुनिरहेको थिइनँ, उसका प्रत्येक शब्दहरु पिउन र उसले जिएझैँ जीउने आतुरता ममा पैदा भैसकेको थियो ।

म फेरि अर्को प्रश्न सोध्छु उसलाई, “अनि यत्रो आकाशमा कुन दिशा जान्छौ मित्र ? कुनै मार्ग विशेष पनि त देखिदैन ?”

उत्तरमा उस्ले भन्यो, “एघारौँ दिशा, जीवन यात्राको कुनै पूर्वनिर्धारित बाटो हुँदैन मित्र, न कुनै राजमार्ग नै छ । बाटो त हिँडेपछि बन्छ जति हिँड्यो त्यति बन्छ। जान्छौ तिमी पनि ?”

म झस्किएँ अरु कसैलाई पो भनेको हो कि दृष्टि घुमाएर यताउति हेरेँ । चारैतिर कोही थिएन निस्तब्धता थियो, चकमन्न बिल्कुल सुनसान ।

म डराएँ हल्का उस्ले भनेको सम्झेँ, “एघारौं दिशा,” “मार्ग त हिँडेपछि बन्छ !”

मैले बुझ्िन कुरा दस दिशा त थाहा थियो मलाई तर एघारौं दिशा ? फेरि जति हिँड्यो त्यति बन्ने बाटो , यस्को मतलब प्रत्येक पाइला अज्ञातमा टेक्नु पर्ने भयो, म तिल्मिलाएँ, ममा भय पनि थियो तर श्रद्धायुक्त। चारै तिर कोही नदेखेपछि मैले मलिन स्वरमा सोधेँ -“को, म ? ”

उसले बुझ्यो सायद मेरो भय, असमन्जस्यता । अलि कडा स्वरमा गर्जदै मेरो आखामा आँखा जुधाएर उसले भन्यो, “अँ तिमी, हिम्मत छ ?” उसले यति भन्नु मात्र के थियो उसको आँखाबाट बिजुलीको एक लप्का वर्षिएर ममाथि पार्यो । म छाँगाबाट खसेजस्तो भएँ । छिन्नभिन्न भएँ, एकातिर उजाडिए झैँ लाग्थ्यो अर्कोतिर बगैँचा बसाएझैँ लाग्थ्यो । भय पनि थियो उत्सुकता पनि थियो । कुनै रहस्यले छोपेझैँ म शून्यमा हराएझैँ भएँ । कतै मन्द मन्द सुमधुर बाँसुरी बजेझैँ सुनिन्थ्यो । फेरि मैले एकैछिनमा आफूलाई आफ्नै मनको एक कुनामा पाएझैँ लाग्यो । फेरि बिस्तारै बिस्तारै मैले उसलाई देखेँ उसको अधरमा मुस्कान थियो, मप्रति प्रेमको अटुट धारा ऊबाट वर्षिरहेको पाएँ । मेरा ओठहरुले पनि ऊप्रति कृतज्ञता महसुस गर्दै मुस्कुराएँ । अब मैले एघारौं दिशाको मतलब बुझिसकेको थिएँ । अनि पहिलो पहिलो पाइला अज्ञात भूमिहीन भूमिमा राखिसकेको थिएँ । फेरि ऊ देख्दा देख्दै शून्यमा बिलायो, यता म पनि निद्राबाट ब्युँझिएँ।

हिजो म सपानाहरु भित्र हराएको थिएँ, सपनाहरु भित्र निसास्सिएको थिएँ। आज मभित्र सपनाहरु अकासिएका छन् । हिजो म विगतलाई सम्झदै रुनेहरुमा थिएँ तर आज म वर्तमानको आँगनीमा भविष्यका सुन्दर सुन्दर गीतहरुमा नाच्नेहरुमा छु । यहाँ मर्नकै लागि बाच्नेहरु छन् बाँच्नकै लागि मर्नेहरु पनि छन् । जसरी दिनको पर्दामा रात र रातको पर्दामा दिन लुकेको छ, के त्यसैगरी जीवनको पर्दामा मृत्यु र मृत्युको पर्दामा जीवन लुकेको छैन ?

## सार्वजनिक हितको लागि जारी सुचना

- एक्कासी उच्च ज्वरो आउने, मांसपेशी, टाउको तथा जोर्नी दुख्ने थकान महशुस हुने वा वान्ता हुने लक्षण देखिएमा डेङ्गी रोग संक्रमण हुन सक्छ त्यसैले डेङ्गी रोगबाट बच्ने एक मात्र उपाय भनेको झुल भित्र सुत्नु हो ।
- पर्ती, बाँझो र खाली रहेका निजी जग्गामा भौगोलिक हावापानी सुहाउँदो उपयुक्त प्रजातीका रुख, डालेघाँस तथा जडिबुटी जन्य प्रजातीका रुख विरुवा रोपौं र त्यसै खेर गइरहेको जग्गाको सदुपयोग गरौं, उत्पादन बढाऔं ।
- स्थानीय तहका भौतिक पूर्वाधारहरु सार्वजनिक सम्पति हुन् सबै भौतिक पुर्वाधारको रेखदेख गर्नु सबै नागरिकहरुको कर्तव्य हो ।
- सार्वजनिक जमिन अतिक्रमण नगरौं । सरकारले निर्धारण गरेको सडक, पुलको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण नगरौं ।
- शिक्षानैं विकासको पुर्वाधार भएकाले गुणस्तरीय शिक्षाको विकासमा सबैले उहयोग गरौं ।
- जन्म, बिबाह, मृत्य, बसाई सराई जस्ता घटनाहरु आफ्नो वडा कार्यालयहरुमा नियम पुर्वक दर्ता गराई सचेत नागरिक बनौं ।
- सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभग्राहीहरुले हरेक वर्ष आफ्नो फोटो सहितको व्यक्तिगत विवरण आफ्नो वडा कार्यालयमा दर्ता गराऔं

**मरिण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिन्धुली, बागमती प्रदेश**

### नेपालका .........

मन्त्री धनराज गुरूङ, महामन्त्री गगन थापा, सहमहामन्त्रीद्वय जीवन परियार र बद्री पाण्डेसहित कोइराला समूहका नेताहरु सहभागी हुनुहुन्थ्यो । भेलामा यसअघि आमनिर्वाचनमा पार्टीबाट बागी उम्मेदवार बन्दा पार्टीबाट निष्कासित भएका केन्द्रीय सदस्य दिनेश कोइरालासमेत सहभागी हुनुहुन्थ्यो ।

बैठकले केन्द्रीय कार्यसमिति बैठकमा कसरी प्रस्तुत हुने भनेर तयारी गरेको छ । भेलामा ‘पार्टी र देशलाई कसरी अघि बढाउने ? त्यसमा पार्टीको भूमिका कसरी प्रभावकारी बनाउने भन्ने विषयहरूमा तयारी भएको समेत सहभागी नेताहरुले बताएका छन् ।

## सातोको कविता

### त्यो साँझ



गम्भीर दुवाडी
गजुरी, धादिङ

अबुझ भन्छ यहाँ प्रकृति रिसायो
विज्ञानको छेउ त्यहाँ बिन्ति बिसायो
विकास भन्दै वन जंगल छिनायो
विनाशको पथमा सबैलाई हिंडायो

वयोवृद्ध वर पिपल आँखा जुधाएर
बटुवा अघि जिज्ञासा पूरा घुमाएर
सनातन रीतिरिवाज साझा गुमाएर
गधा पनि गाई बन्ला कहिले नुहाएर

मान्छे मार्नेका झण्डा बोक्न नपरोस्
आफ्नै पुरपुरो पहरामा ठोक्न नपरोस्
त्यो अधर्मी अपराधीलाई रोज्न नपरोस्
दिउँसै न्यायलयमा कानुन खोज्न नपरोस्

बाह्र वर्ष रामायण पढ्यो सीता कसकी जोई
ढुङ्गामा कुकुरको पुच्छर सिधा भएको खोई
भएका छन् आलोपालो आफैँ मत्ता ढोई
खान पाउँदा शिखर चुम्छ नपाउँदामा रोई

शिक्षालाई लतारेर घाइते पार्नु पार्यो
युवालाई लघारेर सात समुद्र तार्यो
बेथिति कुशासनलाई अँगालो मार्यो
दानवता उर्लिरहँदा मानवताले हार्यो

कुकुरको आशीर्वाद सन्तान बढोस् भन्छ
बिरालुको भित्री इच्छा मान्छे मरोस् भन्छ
अल्छीहरू काम जति अर्कैले गरोस् भन्छ
सरकारले भुँडी जति आफ्नैले भरोस् भन्छ

देखिन्छ कहीँ नभएको जात्रा हाँडी गाउँमा
भेटिन्छ जो छद्मभेषी सिंहहरू ठाउँ ठाउँमा
रगत बगेका छन् मेचीमहाकालीका घाउमा
पेट भर्न जुटेका छन् यी संघीयताको नाउँमा

### गजल



शरण खत्री
भोजपुर

सुखमा मात्र सँगै दुःखमा सबै फरार हुन्छन्
एक्लै जिए पनि मर्दा मलामी हजार हुन्छन्


को सुन्छ यो बद्ध बोली कहाँ पो बिक्छ र
जवानी बेच्ने पो दुनियाँमा कैयौं बजार हुन्छन्

कृतघ्न यो संसारमा गुन कसले सम्झिन्छ र
आड दिने छातीमै यहाँ लाख प्रहार हुन्छन्

ऐन–कानून, कार्यान्वयन के चैं फितलो हो देशमा
हुन त सुधारका यहाँ अनगिन्ती करार हुन्छन्

जिन्दगीले कतिसम्म यहाँ मलाई झुक्याइरहेछ
जहाँ टेक्छु सम्म ठानी त्यहीं गहिरा दरार हुन्छन् ।

### गजल



दिपेश यादव
बारा

आफ्नोपनबाट आफ्नो हराएजस्तै
आफैँले आफ्नो अस्तित्व गुमाएजस्तै

एकचोटी तिमी पनि आई हेर्नु
सूर्य अगाडि चन्द्रमा आएजस्तै

निकै सजिलो पनि रहेन रहेछ
मसी बगाउनु आँसु बगाएजस्तै

बस सपनामा तिमी आइदिनु
खुसी हुनेछु म सबैथोक पाएजस्तै

शिक्षित तिमी किताब पढ्छौ
म भने मान्छे, तिमीले सिकाएजस्तै ।

फर्निचर, घरायसी सामान र आर्कणक पर्दाहरूका लागि सँधै सम्झनुहोस ।





कार्की फर्निचर्स एण्ड सप्लायर्स, सिन्धुली
पानीट्यांकी, सिन्धुली फोन: ९८५४०४०५३३

# पृथकतावादीको हत्याले भारत र क्यानडाको सम्बन्ध बिग्रँदै

**एजेन्सी**/ नयाँ दिल्लीले मंगलबार क्यानाडाली नागरिक खलिस्तान पृथकतावादी आन्दोलनका नेता हरदीप सिंह निज्जरको हत्यामा भारतीय एजेन्टहरू संलग्न रहेको क्यानाडाली सरकारले लगाएको आरोपलाई “बेतुक र प्रेरित” आरोप भन्दै अस्वीकार अस्वीकार गरेको छ। ओटावाले प्रधानमन्त्री जस्टिन ट्रुडोले खालिस्तानी कार्यकर्ताको हत्यामा भारत सरकारको सम्बन्ध रहेको हुनसक्ने विश्वसनीय आरोपको बारेमा ओटावाको अनुसन्धानको बीचमा क्यानाडा सरकारले सोमबार एक वरिष्ठ भारतीय कूटनीतिज्ञलाई निष्कासन गर्ने निर्णय गरेपछि भारतको यो भनाई आएको हो । भारतको पञ्जाब क्षेत्रमा स्वतन्त्र सिख मातृभूमि खोज्ने खालिस्तान आन्दोलनका प्रखर समर्थक निज्जरलाई १८ जुनमा ब्रिटिश कोलम्बियाको सरेमा रहेको सिख सांस्कृतिक केन्द्र बाहिर गोली हानी हत्या गरिएको थियो ।

प्रधानमन्त्री जस्टिन ट्रुडोले सोमबार दिउँसो संसदमा सांसदहरूलाई तत्काल सम्बोधन गर्दै उनीहरूलाई क्यानाडाका सुरक्षा एजेन्सीहरूले भारत सरकारका एजेन्टहरू बीचको सम्भावित सम्बन्धको विश्वसनीय आरोपहरू र क्यानाडाको भूमिमा निज्जरको हत्याको हप्तौंदेखि खोजी गरिरहेको जानकारी दिए ।

क्यानडामा हुने कुनै पनि हिंसामा भारत सरकारको संलग्नताको आरोप बेतुका र प्रेरित छ, भारतीय विदेश मन्त्रालयले एक विज्ञप्तिमा भन्यो । उसले थप्यो कि: यस्ता निराधार आरोपहरूले क्यानाडामा आश्रय प्रदान गरेका खालिस्तानी आतंकवादी र चरमपन्थीहरूबाट ध्यान केन्द्रित गर्न खोज्छन् र भारतको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई धम्की दिइरहेका छन् । यस विषयमा क्यानाडा सरकारको निष्क्रियता लामो समयदेखि र निरन्तर चिन्ताको विषय हो ।

नयाँ दिल्लीले थप भनेको छ कि क्यानाडाका राजनीतिक व्यक्तित्वहरूले खुल्ला रूपमा



त्यस्ता तत्वहरूप्रति सहानुभूति व्यक्त गरे, भन्ने तथ्य गहिरो चिन्ताको विषय रहेको छ ।

क्यानाडामा हत्या, मानव बेचबिखन र संगठित अपराध लगायतका गैरकानूनी गतिविधिहरूको दायरालाई दिइएको ठाउँ नयाँ होइन । हामी त्यस्ता घटनाक्रमहरूमा भारत सरकारलाई जोड्ने कुनै पनि प्रयासलाई अस्वीकार गर्छौं । हामी क्यानडा सरकारलाई आफ्नो माटोबाट सञ्चालित सबै भारत विरोधी तत्वहरू विरुद्ध तुरुन्त र प्रभावकारी कानुनी कारबाही गर्न आग्रह गर्दछौं, विज्ञप्तिमा भनिएको छ ।

यसअघि सोमबार क्यानडाकी विदेशमन्त्री मेलानी जोलीले क्यानडामा भएको आक्रमणमा भारतको संलग्नता रहेको भन्दै क्यानडामा रहेको भारतीय गुप्तचर प्रमुखलाई निष्कासन गरिएको घोषणा गरेकी थिइन् । यदि सत्य प्रमाणित भयो भने यो हाम्रो सार्वभौमसत्ताको ठूलो उल्लंघन हुनेछ। देशहरूले कसरी एकअर्कासँग व्यवहार गर्छन् भन्ने नियम संझँदै जोलीले भने ।

एपिका अनुसार क्यानडाले भारत र भारत सरकारबीचको महत्वपूर्ण व्यापार वार्ता केही मुद्दाहहरुलाई रोकेको भन्दै क्यानडाको व्यापार मिशनको केही दिनपछि यो कदम आएको हो । नयाँ दिल्लीमा जि २० नेताहरूको शिखर सम्मेलनको क्रममा, भारतीय प्रधानमन्त्री मोदीले खलिस्तानी सक्रियताप्रति क्यानाडाको दृष्टिकोणको बारेमा ट्रुडोलाई आफ्नो कडा चासो व्यक्त गरे, भारतको विदेश मन्त्रालयले सेप्टेम्बर १० मा उल्लेख गरेको छ ।

जुलाईमा, नयाँ दिल्लीले टोरन्टो र भ्यानकुभरमा भारतीय वाँणिज्य दूतावास बाहिर स्वतन्त्रता ऱ्याली अघि खलिस्तान समर्थकहरूले जारी गरेको पोस्टरको बारेमा क्यानाडाली उच्चायुक्तलाई बोलाएको थियो। पोस्टरहरूले भारतीय कूटनीतिज्ञहरूलाई हत्यारा भनेर लेबल लगाए र क्यानाडामा पञ्जाबी डायस्पोरामा आक्रोश फैलाए । ओटावाले त्यसपछि पोस्टरहरूलाई अस्वीकार्य भन्यो र कूटनीतिज्ञहरूको सुरक्षासम्बन्धी आफ्नो दायित्वलाई धैरै गम्भीरताका साथ लिएको थियो भन्दै मंगलवार मस्को टाइम्सको अनलाइन संस्करणले लेखेको छ ।

# पश्चिम समर्थक सरकारको विरोधमा चेक गणतन्त्रमा ऱ्याली

**एजेन्सी**/ हजारौं चेक जनताले चेक गणतन्त्रको राजधानी प्रागको वेन्सेस्लास स्क्वायरमा संरा अमेरिका लगायत पश्चिम समर्थक सरकारको विरुद्धमा भेला भई प्रदर्शन गरेका छन् ।

‘सरकारविरुद्ध चेक गणतन्त्र’ भन्ने नाराका साथ ऱ्याली मुख्यतया सरकारको मुद्रास्फीति, कर परिवर्तन र पेन्सन समायोजनमा भएको जनविरोधी कार्यको विरोधमा निकालिएको थियो ।



चेक न्यूज एजेन्सी (सीटीके) का अनुसार भिडमा ‘डाउन विथ द यूएस मिनियन्स’ (अमेरिका कठपुतली सरकार मुर्दावाद !) र ‘डाउन विथ नाटो’ (नाटो मुर्दावाद !) लेखिएको ब्यानरहरू प्रदर्शनकारीहरूले बोकेका थिए । ऱ्यालीमा एक लाखभन्दा बढी मानिसको सहभागिता रहेको आयोजक गैरसंसदीय कानुन सम्मान विशेषज्ञ (पीआरओ) पार्टीले जनाएको छ । केही सहभागीहरूले पछि सहरको स्क्वायरबाट चेक गृह मन्त्रालयको मुख्यालयसम्म ऱ्याली गरेका थिए ।


चेक गणतन्त्रका उपप्रधानमन्त्री र आन्तरिकमन्त्री भिट रकुसनले भने प्रदर्शनलाई ‘कठिन समयमा केही व्यक्तिहरूको असन्तुष्टिको वैध अभिव्यक्ति’ भन्नुभएको छ तर उहाँले त्यो असन्तुष्टिलाई घृणा र डर जगाउन प्रयोग गर्न अगम्य र अस्वीकार्य भएको भन्नुभएको छ ।

प्रागको सेन्टर फर पब्लिक ओपिनियन रिसर्चले गरेको भर्खरैको सर्वेक्षणले देखाएको छ कि अधिकांश चेक जनता देशको आर्थिक अवस्थाबाट पीडित र दुःखी छन् । मे १६ देखि जुलाई २४ सम्ममा गरिएको सर्वेक्षणमा ९२९ जनामध्ये ५७ प्रतिशतले आर्थिक अवस्थालाई नराम्रो मान्छन्, करिब एकचौथाइले यसलाई ‘न राम्रो न नराम्रो’ र १६ प्रतिशतले यसलाई राम्रो मान्छन् । केन्द्रीय चेक तथ्याङ्क कार्यालय (सीएसयू) का अनुसार चेक गणतन्त्रको वास्तविक कुल गार्हस्र्थ उत्पादन (जीडीपी) यस वर्षको दोस्रो त्रैमासिकमा वार्षिकरूपमा ०.६ प्रतिशतले घटेको छ । चेक गणतन्त्रको वास्तविक कुल गार्हस्र्थ उत्पादन यस वर्षको दोस्रो त्रैमासिकमा वार्षिकरूपमा ०.६ प्रतिशतले घटेको छ । पूरै वर्षको लागि चेक अर्थ मन्त्रालयले अगस्टको पूर्वानुमानमा यो ०.२ प्रतिशतले घट्न सक्ने भविष्यवाणी गरेको थियो ।

चेक तथ्याङ्क कार्यालय (सीएसयू) का अनुसार यस बीचमा चेक गणतन्त्रमा उपभोक्ता मूल्यहरू अगस्टमा वार्षिकरूपमा ८.५ प्रतिशतले बढेको छ । मुद्रास्फीति लगातार सातौं महिनामा सुस्त भए पनि चेक नेसनल बैङ्कले तोकेको २ प्रतिशतको सहिष्णुता दरभन्दा माथि रहेको छ ।


सार्वजनिक हितको लागि जारी सुचना

नेपाल सरकारको राष्ट्रिय रहको छन् । गौरवको आयोजना सुनकोशी मरिण डाईभर्सन बहुउद्देश्यीय आयोजनालाई छिटो सम्पन्न गर्न सबै पक्षले सहयोग गरौं । सुनकोशी मरिण डाईभर्सन बहुउद्देश्यीय आयोजनाको टनेल (सुरुङ्ग) लगायत विभिन्न पुर्वाधार विकास/ निर्माणका लागि आवश्यक पर्ने सहयोग गर्नु सबै नागरिकको कर्तव्य हो ।



सुनकोशी मरिण डाईभर्सन बहुउद्देश्यीय आयोजना

सिन्धुली



सिन्धुलीका कृषकहरुका लागि खुशीको खबर

यहां गुणस्तरिय पशुपंक्षीको औषधी, कृषि विषादी, कृषि औजार, सिजन अनुसारको तरकारी बिउ बिजनहरुको होलसेल तथा खुद्रा मुल्यमा पाउनुका साथै प्राविधिक सल्लाह पनि दिइन्छ ।




सिन्धुली भेट फर्मा




कमलामाई ६ स्टलवजार, सिन्धुली फोन: ०४७-५२०२१२ मोवाइल: ९८४४०४१०१५

# ‘ह्याप्पी डिभोर्स’ निर्माण घोषणा



फिल्म ‘ह्याप्पी डिभोर्स’ निर्माण हुने भएको छ । मंगलबार राजधानीमा एक कार्यक्रमका बीच फिल्म घोषणा गरिएको हो । निर्माण युनिटले फिल्मको कथासार रहेको एक भिडियो सार्वजनिक गर्दै घोषणा गरेको हो । फिल्म अभिनेता विमलेश अधिकारीले निर्देशन गर्न लागेका हुन् । पछिल्लो समय अमेरिकामा बस्दै आएका अभिनेता अधिकारी यसै फिल्म मार्फत निर्देशनमा डेब्यु गर्न लागेका हुन् । फिल्ममा विमलेश स्वयंको कन्सेप्ट र कथा रहनेछ ।

निर्देशक अधिकारी समेत मुख्य भूमिकामा देखिने फिल्म केकी अधिकारी र रीमा विश्वकर्माको पनि मुख्य भूमिका रहनेछ । सेभेन कलर्सको निर्माण रहने फिल्मले सम्बन्ध विच्छेदको कथामा विषय वस्तु बनाएको छ ।

२०२४ को जनवरीबाट फिल्मको छायांकन सुरु हुनेछ । विमलेश पछिल्लो समय २०७३ सालमा प्रदर्शनमा आएको फिल्म ‘जंगबहादुर को कोट’ अभिनय गरेका थिए । ‘तुलसी’, ‘मुटु’, ‘ब्रेकफेल’, ‘मेरो बेष्ट फ्रेन्ड’, ‘को हुँ म ?’ जस्ता फिल्म अभिनय गरेका बिमलेसले अभिनयमा सिकेको अनुभव फिल्म निर्देशनमा उतार्न लागेको बताए ।

कार्यक्रममा अभिनेत्री अधिकारीले समाजलाई डिभोर्स सहज बाटो हो भन्ने सन्देश फिल्मले दिने बताइन् । अभिनेत्री विश्वकर्माले फिल्मले डिभोर्स नै समस्याको समाधान नरहे पनि जीवनमा आइपर्ने अप्ठेरा पाटोलाई कुनै न कुनै रुपमा अगाडी बढ्न सिकाउने धारणा राखिन् ।

# ‘रावायण’मा जोडिइन् पूर्वमिस नेपाल निकिता चाण्डक



सुदर्शन थापाले निर्देशन गर्ने फिल्म ‘रावायण’मा पूर्वमिस नेपाल वर्ल्ड तथा अभिनेत्री निकिता चाण्डक पनि जोडिएकी छन् । निर्मात्री सुप्रिया कट्वालले फिल्मको विशेष भूमिकामा चाण्डक अनुबन्धित भएको जनाएकी छन् ।

गतसाता रामबाबु गुरुङको निर्माण र दीपक रौनियार निर्देशित ‘राजागञ्ज’को छायांकन सकाएकी निकिता अब सुदर्शनको यो फिल्ममा व्यस्त हुनेछिन् । यद्यपि, रावायणमा निकिताको कस्तो खालको विशेष भूमिका हुने हो, त्यो कुरा चाहिं कट्वालले खुलाएकी छैनन् ।

‘रावायण’को शीर्ष भूमिकामा यसअघि अनमोल केसी र नीति शाह अनुबन्धित भइसकेका छन् । सुदर्शन थापा प्रोडक्सनले बनाउन लागेको यो फिल्मको छायांकन असोज १२ देखि सुरु हुने प्रोडक्सन डिजाइनर प्रेम भोम्जन (पुष्कर लामा)ले जनाए । सर्लाही, जनकपुर, हेटौंडा र काठमाडौंमा फिल्म छायांकनको तयारी छ । भोम्जनका अनुसार फिल्मको छायांकन तालिका ४० दिनको छ । विराज भट्ट स्टारर ‘साङ्लो’बाट अभिनयमा डेब्यु गरेकी निकिताले गत चैतमा काठमाडौंमा छायांकन भएको भारतीय र फ्रान्सेली सहनिर्माताको फिल्म ‘द सेमलेस’बाट अभिनयमा कमब्याक गरेकी थिइन् ।

# अस्करका लागि नेपालबाट ‘हल्कारा’ सिफारिस

अमेरिकामा अर्को वर्ष हुने अस्कर अवार्डको ९६औं संस्करणका लागि नेपालको अन्तर्राष्ट्रिय फिचर फिल्म छनोट समितिले विक्रम सापकोटा निर्देशित फिल्म ‘हल्कारा’ सिफारिस गर्ने निर्णय गरेको छ । समितिको सोमबार बसेको बैठकले समितिलाई प्राप्त फिल्ममध्येबाट ‘हल्कारा’लाई सिफारिस गरेको हो । नेपालको अन्तर्राष्ट्रिय फिचर फिल्म छनोट समितिले अस्करको प्रतिस्पर्धामा सामेल हुन इच्छुक फिल्मकर्मीलाई २०८० असोज २९ गतेभित्र फिल्म बुझाउन आग्रह गरेको थियो । सोही सूचना अनुसार नेपालबाट चलचित्रहरु डाकिनी, हल्कारा, नीरफूल, बुलाकी र बगानले सहभागिताका लागि आवेदन दिएका थिए । समितिले प्राप्त फिल्ममध्ये सिनेमाको प्राविधिक पक्ष, कथ्यको प्रस्तुति, चरित्रहरुको भावनात्मक विश्लेषण तथा प्रस्तुतिको कलात्मकता आदि पक्षलाई ख्याल गरी ‘हल्कारा’लाई सिफारिस गर्ने निर्णय गरेको विज्ञप्तिमा जनाइएको छ । यो सालको अस्कर अवार्ड मार्च १० का दिन आइतबार लस एञ्जल्सको डल्बी थिएटरमा सम्पन्न हुनेछ । नेपालमा राजु के.सी.को अध्यक्षतामा पाँच सदस्यीय इन्टरनेसनल फिचर फिल्म छनोट समिति रहेको छ । समितिमा मन्जु कुमार श्रेष्ठ, गौतम धिमाल, सामीप्यराज तिमल्सेना, रीतिका भट्टराई सदस्य रहेका छन् ।


GANAPATI HOTEL & RESORT PVT. LTD.
Dhungrebash, Sindhuli
Celebration For Life...
Here Begins Your Happiness.....
Ganapati Hotel & Resort is the first full fledged facility hotel in Sindhuli District which is surrounded by greenery, river, beautiful scenery and pleasant environment. It has 2 swimming pools (baby & adult pool), play center for the children, seminar hall, banquet hall, resturant & bar, well equipped amenities in different type of rooms, enough parking area. All rooms are outfitted by cable, smart tv, wifi, intercom, air condition & some rooms are equipped by mini refrigerator & pan tree too.
Facilities of Ganapati Hotel & Resort
•Swimming Pool •Play Center for Children •Seminar Hall •Banquet Hall •Free wifi •Resturant & Bar (Barbeque, Bonfire) •Enough parking •(Additions: Cloth Ironing, Hair Dryer, Laundry) 24 hrs desk service & many more
Visit Sindhuli & Visit at Ganapati Hotel and Resort Pvt. Ltd.
Ph. No.: +977 047-520346, 047-521056 9854041723

दर्ता नं.: १८००३८/०७४/०७५ तपाईंको यात्रा शुभ अनि सफल रहोस्...... शुभकामना
चाहना यातायात प्रा.लि.
हाम्रो देशको विद्युत हामीले सदुपयोग गरौं, विद्युतीय गाडीमा आरामदायी यात्रा गरौं ।
सिन्धुली काउण्टर 9854041239 9801718220
काठमाण्डौं चावहिल ९८०१६६८०४५
चालक ९८५४०४५५३२ ९८५४०४५५३६
थप जानाकरी ९८५४०४०५३३(टंक) ९८५४०४५५४१(उद्धव)
काठमाण्डौं काउण्टर 9854045531
काठमाण्डौं-खुर्कोट-सिन्धुली-बर्दिबास अग्रिम बुकिङ्ग र रिर्जभको व्यवस्था ।

अब घरमा चाहिने सम्पूर्ण सामानहरु एकै ठाउँमा
Opening time : 7 am to 8 pm
SINDHULI MART
कमलामाई न.पा.-६, रातमाटा, सिन्धुली
सम्पर्क नं.: ९८५४०४१५०५

9828889707 9840908200
Kamalamai nursery
Kamalamai municipality 6, Dhurabazaar, Sindhuli
हामीकहाँ रुद्राक्ष, रक्त चन्दन, धुपी, आँप, कटहर, लिची, नास्पाती, कागती, जुनार, सुन्तला इन्डोर र आउटडोर प्लान्ट, विभिन्न जातका फुलहरु, विवाह व्रतबन्धका लागि फुल र दुबोका मालाहरु, आकर्षक सिजनल फुलहरु पाइन्छ । साथै घर तथा रेष्टुरेष्ट आदी सजावट र गार्डेनिङका कामहरुपनि गरिन्छ ।

एम्बुलेन्स चाहिएमा
तिलकुमारी बस्नेत स्मृति सामाजिक प्रतिष्ठान सिन्धुली
द्वारा सञ्चालित एम्बुलेन्स गाडी
रमेश श्रेष्ठ ९८४४५०८०८२ ९८१२१५४६२७

कन्चन बुटिक तथा कन्चन सिलाई हाउस एण्ड कपडा पसल
कमलामाई न.पा.-६, २ नं. बजार, सिन्धुली
047-520724 9811409291 9854041724
यहाँ लेडिज एण्ड जेन्सको कोट, पेन्ट, शर्ट सिलाउनुका साथै कलेज र स्कूलको ड्रेस पनि पाइन्छ ।


सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पबन राउत, कार्यालय (सिन्धुली): विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानुनी सल्लाहकारः केशवप्रसाद गौतम ई-मेलः news.pradesh@gmail.com, बेभः www.epradeshkhabar.com मुद्रणः लालिगुरांस अफसेट प्रेस, सिन्धुली